'नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स'

अर्हत ५१

वर्ष १३, अंक २ | बुद्ध सम्वत् २५६९ | ने.सं. ११४५ गुँला थ्व | वि.सं. २०८२ श्रावण २४ गते | गुँ पुन्हि

Facilities:

Well Equipped Computer Lab
Library Facility
Science / Math Laboratory
Auditorium
Audio - Visual Room
Playground
School under CCTV survelliance

GANESH
SECONDARY SCHOOL

Bharwacho, Bhaktapur-1
01-6615912

आदर्श आजाद
माध्यमिक विद्यालय
Adarsha Azad Secondary School
Bhimasensthan, Bhelukhel-05, Bhaktapur
:01-6610580

आदर्श आजाद कलेज
Adarsha Azad College
Bhimasensthan, Bhelukhel-05, Bhaktapur
01-6610580

Running Programs:

XI
- Law
- Management
- Hotel Management
- Education
- Humanities

BEd

Math, English, Nepali, Population & Health

BBS

:adarshaazad2016@gmail.com www.adarshaazad.edu.np
:a2hss.college@gmail.com www.adarshaazad.edu.np

अर्हत

त्रैमासिक

वर्ष १३ अङ्क [illegible] | बुद्ध सम्वत् २५६९ | नेसं ११४५ गुंला थ्व

वि.सं. २०८२ श्रावण २४ गते गुं पुन्हि

सल्लाहकार

रत्नसुन्दर शाक्य

चन्द्रबहादुर उलक

बौद्ध दर्शन अध्ययन समाजको

सहयोगार्थ प्रकाशित

सम्पादक/प्रकाशक

उद्धव सुजखु

विज्ञापन सङ्कलक

लक्ष्मीप्रसाद रंजित

कम्प्युटर सेटिङ्ग

सुबोध कुमार साह

मुद्रण

सिद्धि गणेश अफसेट प्रेस

चोर्चा–७, भक्तपुर

फोन नं. ६६१४७९३

Email: arhattraimasik@gmail.com

सहयोग रु. ५०/-

यसभित्र

मानसिक रोगको उपचार	भिक्षु अश्वघोष	४
बुद्ध मार्ग प्रदर्शक हुनुहुन्छ		६
विशाखाया विहार	चित्तधर हृदय	८
लिच्छविकालका बौद्ध राजा वृषदेव	दिनेशराज पन्त	११
बौद्ध दृष्टिकोणमा अहिंसा	रत्नसुन्दर शाक्य	३
२१ औं शताब्दीमा बुद्धको शिक्षा किन ?	विगोल कुसी	१८
साङ्ख्यको सार	सुरेश परियार	२२
बौद्ध धर्म र राष्ट्रवादः शान्ति र द्वन्द्वको दोधार ?	राजन फाँज	२७
आधुनिक विश्वमा बुद्ध धर्म पुनरुद्धारको प्रसंग		३०
बौद्ध सम्बन्धी ज्ञान गुणका कुरा :	न्हुछेरत्न बुद्धाचार्य	३२

सम्पादकीय

असार पूर्णिमाको दिन सारनाथमा बुद्धले प्रवचन दिएका थिए । जसलाई धर्मचक्र प्रवर्तन भनिन्छ । उनले भनेका थिए संसार दुःखमय छ । दुःखको कारण छ । दुःखबाट मुक्ति पाउन सकिन्छ । मुक्तिको उपाय पनि छ । यसैलाई बुद्धका चार आर्य सत्य भनिन्छ ।

बुद्धले लोभ लालच नगरे, तृष्णा नपाले दुःख नहुने बताएका थिए । बुद्ध भन्नु हुन्छ "आफ्नो कर्तव्यको पालना र जिम्मेबारीबाट पन्छिने कोसिस नगर, जति पन्छिने कोसिस गर्छौ त्यति नै तिमीले अवसर गुमाउने छौ । बरु इमान्दारीपूर्वक आफ्नो कर्तव्य निर्वाह गर । त्यसमा तिमीलाई गहिरो खुसी र सुख मिल्ने छ । पैसा कमाउनु र घर बनाउनु तृष्णा होइन तर आवश्यकताभन्दा बढी पैसा कमाउनु र रातारात करोडपति बन्ने इच्छा राख्नु तृष्णा हो । जसरी भएपनि कमाउनको निम्ति पदमा पुग्ने र पदको दुरुपयोग गरेर कमाउने राजनीतिले नै देशका जनताले दुःख पाएको हो ।

अहिले देशमा सबैभन्दा पीडित र दुःखी कोही छ भने ती किसानै भएका छन् । बाली लगाउने बेलामा न त उसले मल पाउँछ न सिचाई सुविधा । शासक दलका नेताहरू जुनबेला सरकारमा गए पनि आफ्नो देशमा मल कारखाना खोल्न मान्दैनन् । कमिशनको चक्करमा रूमलिएर भारतबाट गुणस्तरहीन मल झिकाउन तलिन हुन्छन् । तर किसानलाई समयमा मलखाद उपलब्ध गराउन सक्दैनन् । त्यसैले त किसानले दुःख पाएका हुन् । देशलाई समृद्ध र आत्मनिर्भर बनाउन कृषि उत्पादन नबढाइ सुखै छैन् । अर्कोतिर सिचाई सुविधा नपाएकै कारण लाखौं किसानहरूले उमारिसकेको बिउसमेत रोप्न पाएनन् । अन्नको भण्डार कहलिने मधेसमा खडेरी लाग्यो । हुन त हामी नेपाललाई जल स्रोतको भण्डार भनेर चिनाउँछौं । तर यही देशको अन्नको भण्डार सुख्खा पर्नु विडम्बना हो ।

मधेस प्रदेशलाई सुख्खाग्रस्त घोषणा गरेपनि जनताको लागि कागलाई बेल पाक्यो हर्ष न विस्मात भएको छ । कारण राहत उपलब्ध गराउने भएपनि सहुलियत पाउने मापदण्ड भित्र बहुमत किसान जनता नपर्ने हुन्छ । किनभने उनीहरूले आफूले जोति

आएको जग्गामा मोहियानी हक पाएकै हुँदैनन् । उनीहरूको आफ्नै जग्गा जमिन नभए पछि सुविधा पाउने आखिरमा ती जग्गाका जमिनदारहरू नै हुने हो । कृषि प्रधान देशका आम गरिब किसानहरूलाई दुःखको कारण यही बनेको छ । यसबाट पार लगाउने राज्यको दायित्व खोई ?

बुद्ध धर्मले हरेक कुरालाई शङ्काको दृष्टिकोणले हेर्न सिकाउँछ । के हालका दुई 'ठूला' दलहरू नेपाली काग्रेस र एमाले मिलेर बनेको दुइतिहाइ बहुमतको सरकारले देश दुखेको बेला दुःखको कारण पत्ता लगाइ स्थायी समाधान पहिल्याउन सक्ला ? देशलाई कङ्गाल बनाउने, विकृति र विसङ्गति निम्त्याउने, भ्रष्टाचारी र अपराधीहरूको थलो बनाउने काममा सरकार तल्लीन रहेको आज सर्वत्र महशूस गरिँदैछ । नक्कली भूटानी शरणार्थी, भिजिट भिसा बनाएर दिनको करोडौं हुसुर्ने आपराधिक काममा नेपालका मन्त्रीहरू मुछिएका छन्, सहकारी ठगी काण्डमा परेका छन् । झापाको गिरिबन्धु टि स्टेट होस् या भक्तपुरको पतञ्जली जग्गा प्रकरणमा नै किन नहोस् प्रधानमन्त्रीहरू आफै संलग्न भएको प्रमाणहरू बाहिरिँदै छन् । पुँजीवादी व्यवस्थामा शासक दलका नेता र कार्यकर्ताहरू, ठूलावडा व्यापारी र धनीमानी व्यक्तिहरू गरिब जनताभन्दा झन् लोभी भएर लाखबाट करोड र करोडबाट अर्बपति बन्न चाहन्छन् । माथिल्ला कर्मचारी, हाकिम, सांसद, मन्त्रीहरू देशको सम्पत्ती दोहन गर्ने काममा सेटिङ मिलाउँछन् । यसैका लागि आफू बहुमतमा नआए तापनि अपवित्र गठबन्धन गरी सरकारमा जसरी भएपनि टाँसिरहन्छन् ।

देश र जनताको अहितमा कुनै व्यक्ति वा समूहको हितमा गरिने कुनै पनि निर्णय, नियम, कानून सदाचारमा पर्दैन, त्यो भ्रष्टाचार हो । त्यस्तो निर्णय मन्त्रीपरिषदले गरोस् या मन्त्री वा सचिवस्तरमा गरोस त्यो भ्रष्टाचारै हो । भ्रष्टाचार पूँजीबादकै छाँया हो । त्यसैले एक्काइऔं शताब्दीमा पूँजीवाद र साम्राज्यवाद नै दुःखको कारण बनेको छ । पुँजीवादी व्यवस्थाको अन्त्य र समाजवादको स्थापना भए पछि सर्वसाधारण जनताको दुःख हट्ने छ । बुद्धले प्रतिपादन गरेको आर्य सत्यलाई यसरी नै हरेको खण्डमा अतिशयोक्ति नहोला ।

भवतु सब्ब मङ्गल

मानसिक रोगको उपचार

भिक्षु अश्वघोष

बुद्धको अनुभव र भनाईअनुसार मन नै मुख्य कुरा हो । किनकि जुनसुकै अवस्थामा वा कुरा पहिले मनमा उत्पन्न हुन्छ । मन शुद्ध भई चिन्ताबाट मुक्त भएमा निरोगी जीवन बिताउन सकिन्छ । संसारमा जति पनि रोगहरू छन्, तीमध्ये ९० प्रतिशत रोगहरू मनबाट हुने कुरा वर्तमान बैद्य (डाक्टर) हरूले स्वीकार गरेका छन् । विशेष रूपले रक्तचाप र मधुमेह जस्ता रोगहरू मनको पीरबाट नै हुन्छन् ।

सारीरिक रोगलाई निकोपार्न औषधि छ तर मानसिक रोगको लागि औषधि छैन । मानसिक रोगलाई निको पार्न सक्ने एउटै कुरा मनले नै हो । एकजना यूरोपीय महाशयलाई पेटको रोगले सतायो । र उनले धेरै डाक्टरहरूबाट जाँच गराए । डाक्टरहरूको कुराले सन्तोष नभई अरू वैद्यकहाँ पनि गए । एकजना डाक्टरले उनको रोगलाई चिनेर "औषधि" दिए । त्यो एकैमात्र औषधिले उनको रोग निको भयो । त्यो औषधि अरू केही नभएर अलिकति रङ्ग मिसाएको चिसो पानी मात्र थियो । उनको रोग मानसिक रोग थियो । अर्थात् मनले नै जन्माएको रोग थियो । मनले नै विचार गरेर मनको रोग निको पारिदिए ।

जोन रोक फेलर अमेरिकाका विश्वप्रशिद्ध एक धनी महाजन हुन् । उनको एक दिनको आम्दानी पाँचलाख हुन्छ । यति विशाल धन भएका धनीको मन विग्रेकोले उनीमाथि विपत्ति आइपर्यो । उनले एकदिन धेरै मालसामान राखेर एउटा जहाज सामुद्रिक मार्गबाट विदेशमा पठाए ।

त्यो जहाज समुद्रको बीचमा पुग्नासाथ ठूलो तूफानमा फस्यो । जहाजलाई भने केही नोक्सान भएको थिएन । जहाजलाई क्षति भयो कि भनी उनी चिन्ताग्रस्त भए । आत्तिन लागे । त्यही चिन्ता र पीरले उनलाई एक अपूर्व रोगले सतायो । खान मन लागेन । निद्रा लागेन । उनको टाउको सम्पूर्ण पाकेर झर्न थाल्यो । अनि उनले घोषणा गरे- "यदि कुनै बैद्यले मेरो घरमा काम गर्ने नोकरले खाने खानाको आधाजति पनि खाने रूचि बढाउनसक्यो भने मेरो सारा सम्पत्तिको आधा भाग उसैलाई दिनेछु ।"

त्यसताका रोक फेलर महाशय ५३ वर्षका थिए । भाग्यवश उसकहाँ एकजना अनुभवी मनोवैज्ञानिक बैद्य आइपुगे । बैद्यले उनको रोग शारीरिक नभई मानसिक भएको थाहापाई उचित उपदेश दिए । उपदेश अनुरूपको आचरण गरी ५३ वर्षमा मर्न लागेको मान्छेको आयु बढेर ९८ वर्षसम्म पुग्यो । ती अनुभवी मनोवैज्ञानिक डाक्टरले दिएको अर्ति के थियो ? त्यो जान्नलायक छ ।

अतीतं नानुसोचन्ति-नप्प जप्पन्ति अनागतं ।
पच्चुप्पन्नेन यापेन्ति-तेन वण्णो पसीदति ।

अर्थ- बितिसकेको कुरामा शोक नगर्नु । भविष्यको लागि आशा नगर्नु । वर्तमान अवस्थामा सन्तुष्ट भई

प्रशन्नतापूर्वक जीवित हुनु उत्तम छ, अनि सुख पाउँछ । स्मरण रहोस्, यो बुद्ध वचन हो ।

हामी सबै प्रशन्न भई जीवित हुन चाहन्छौं । तर चाहेबमोजिम सुख पाईदैन । त्यसका मुख्य कारण दुईवाट छन्-

(क) अतीतबारे शोक गर्नु

(ख) भविष्यको बारे चिन्ता गर्नु ।

कुनै कुनै व्यक्ति अतीतको चिन्ता र शोक गर्छन् त अरू भविष्यको बारेमा प्रार्थना गर्दै समय बिताउँछन् । तर वर्तमान अवस्थालाई बुझ्ने थोरै मात्र छन् । बुद्धको भनाईअनुसार, वर्तमान अवस्थालाई बुझेर राम्रो पार्नुमै जाति छ, बेश हुन्छ ।

हामी सबैबाट गल्ती हुनसक्छ । त्यो भइसकेको गल्तीमा पश्चात्ताप गर्नु त्यसको सही उपचार होइन । सन्तापले हाम्रो अमूल्य समय बर्वाद मात्र हुनजान्छ । त्यति मात्र नभई चित्तलाई पीडा र कष्ट पनि पुऱ्याउँछ । गर्नुपर्ने उपाय त फेरि त्यस्तो खालको गल्ती नदोहऱ्याउनु नै हो ।

भविष्यको बारेमा आशा गर्नु त्यति हानीकारक नभए तापनि त्यसैको भरोशामा बस्नु व्यर्थ हो । भविष्यको विश्वास लिन सकिदैन । वर्तमान अवस्थामा राम्रो भएको र उत्साही रहेको खण्डमा उज्ज्वल भविष्य अवश्यम्भावी छ ।

वर्तमानप्रति भने हामीले अवश्य विश्वास लिनसक्छौं । आफ्नो हातमा भएको अवस्था यही वर्तमान नै हो । अत: वर्तमान अवस्थामा राम्रोसँग जीवन बिताउन सके अतीत पनि राम्रो हुन्छ, किनकि वर्तमान अवस्थामा नै भोली-पर्सि अतीत हुनजान्छ । त्यस्तै वर्तमान राम्रो भयोभने भविष्य पनि अवश्य राम्रो हुन्छ, किनकि भविष्यको कारण वर्तमान नै हो । कुनै कारणवश वर्तमान खराब भयो भने अतीत र भविष्य दुवैको अवस्था नराम्रो हुनेछ ।

पश्चाताप र महत्वाकांक्षाले चित्तलाई पीडा हुन्छ । वैद्यहरूको विश्वासअनुसार यस्तो किसिमको चिन्ता र पीर नै मानसिक रोगको कारण हो । चित्त खराब भयो भने त्यसबाट शरीरको रगत खराब हुन्छ । अनि अपवित्र रक्तबाट सारा शरीर विषमय बन्छ । यसरी विषको फैलावटबाट निरोगी पनि रोगको शिकार हुनजान्छ । रोगीको अवस्था त झन खराव हुनजान्छ ।

बिरामीलाई जति औषधिको खाँचो छ, त्यति नै चित्तलाई प्रीति र आनन्द पनि आवश्यक छ । चित्त प्रशन्न भएमा शरीरको रगत पनि शुद्ध हुन्छ । अनि मुखमा तेज आउँछ । फलस्वरूप शरीरबाट रोग भागेर जान्छ ।

बर्माको एउटा अर्को घटना प्रस्तुत गर्छु । अतीतका बर्माका बौद्ध राजालाई एउटा असैह्य रोगले सतायो । वैद्यहरूले आशा छाडिदिए । धार्मिक विश्वासअनुसार अन्तिम अवस्थामा भिक्षुहरूलाई निमन्त्रणा दिएर परित्राण पाठ गर्नका निमित्त अनुरोध गरे । परित्राण सूत्र पाठपछि एकजना महास्थविर भिक्षुले केही शब्द भन्नुभयो, "महाराज । धेरै चिन्ता र काममा ब्यस्त हुनुभएका तपाईलाई आराम लिने मौका मिलेको छ । यो अनित्य संसार हो । वर्तमान समयलाई सदुपयोग गर्नुहोला । राज्यको बारेमा चिन्ता नगर्नु होला । दरबारको पनि चिन्ता नलिनु होला । त्रिरत्नको गुण स्मरण र मैत्री करूणापूर्वक समय बिताउनु होला । प्रसन्न भई बस्नु होला ।" राजाले त्यसै अनुसार समयलाई सदुपयोग गरी काम गरे। आश्चर्य के भने राजाको अनुहारमा प्रकाशमय र उज्यालो हुन थाल्यो । राजाको हँसिलो मुख देखेर वैद्यहरूले फेरि औषधि दिन थाले । केही दिनभित्र राजाले पूर्ण स्वास्थ्य लाभ गरे । यी घटनाहरूबाट यही स्पष्ट हुन आउँछ कि बिरामीहरू सधैं प्रशन्न मुद्रामा बस्नु लाभदायक छ । यस्तै स्वास्थ्य लाभार्थ काम लाग्ने केही घटनात्मक कुराहरू प्रस्तुत गर्नु उपयोगी होला भन्ने ठान्दछु ।

श्रीलंकामा एउटा अमूल्य उक्तिको प्रचलन छ, "नरिसाउनु, रिसायो भने छिट्टै बुढो हुन्छ ।" कुनै व्यक्तिलाई रिस उठ्यो भने उसको शरीरको गतिविधि नै बदलिन्छ । आँखा रातो हुन्छ । मुख कालो हुन्छ । शरीर काम्न थाल्छ । यसको कारण चित्त र शरीरको रगतको बीच धेरै सम्बन्ध छ । रिस आउनासाथै चित्त कलुषित हुन्छ, रगत अपवित्र हुन्छ । अनि सारा अङ्ग-प्रत्यङ्गसमेत खराब पारी शरीर रोगको घर बन्न पुग्छ ।

बुद्ध मार्ग प्रदर्शक हुनुहुन्छ

गौतम बुद्ध भन्नु हुन्थ्यो- "म बरदान दिनबाट टाढा छु ।" "प्रयत्न गर्नुपर्छ, तथागत त मार्ग प्रदर्शक मात्र हो ।" तथागतको निर्देशनानुसार त्यो बाटोमा हिँड्न सक्यो भने आफ्नो लक्ष्य पूरा हुनसक्छ । म तिमीहरूको मुक्तिको जिम्मा लिन सक्तिनँ । "अत्त दीपो भव, अत्त सरणा अनञ्जसरणा" अर्थात् "तिमीहरू आफ्नो द्विप आफैले बनाइ हिँड, आफ्नै शरणमा जाउ । अर्काको शरणमा न बस ।"

भगवान बुद्धको यी धारणाहरूबाट हामीले के बुझ्न सक्छौं भने उहाँले अरु देव-देवीहरूले झैं कसैको मुक्तिको जिम्मा लिनु भएको छैन । यस्तो होओस् । त्यस्तो होओस । तिम्रो मनको इच्छा पूर्ण होओस भनेर कसैलाई बरदान पनि दिन सक्नु हुन्न । बुद्ध भन्नु हुन्छ -"आफ्नो काममा आफैंले प्रयत्न गर, आफ्नै द्विप बनाउ अरु कसैको शरणमा नपरिकन आफ्नै शरणमा जाउ । म त केवल यो बाटोबाट हिड्यो भने राम्रो हुन्छ, भलाई हुन्छ, यो बाटोबाट हिड्यो भने नराम्रो हुन्छ, कुभलोई हुन्छ भनेर बाटो मात्र देखाउँछु ।" यी सबै उपदेश त्यसै भनेका होइन । यी विषयहरू माथि आफैले प्रत्यक्ष अनुभव गरी बताइएका हुन् ।

कुनै पनि कुरा चाहे त्यो त्रिपिटकमा नै लेखिएको किन नहोस् त्यस्ता कुरालाई बिचारै नगरीकन, आलोचना नै नगरीकन पत्याउन खोज्नु अन्धविश्वास र मूर्खस्वभाव सिवाय अरु केही हुँदैन । बुद्धधर्मले यस्ता विषयमा सजग सतर्क हुन प्रेरणा दिन्छ । आफ्नो आँखाले नहेरी, कानले नसुनी, पक्ष-विपक्ष नजाँची, आफुबाटै अनुभव नगरीकन गुरुले भनेको कुरालाई यस्तै हो भनी पत्याउनु गुरुलाई पत्याउनु हो । यसरी सोझै रुपमा पत्याउनु मूर्खता हो प्रष्ट रुपले अनुभव गरेपछि पत्याउनु बुद्धिमानी हो ।

हामीले कुनै पनि कुरा पढिसके पछि सुनिसके पछि सिकाइएका कुरा प्रष्ट रुपले नदेखिए सम्म खोज गरिरहनु पर्दछ । यसरी खोजविन गर्दा पनि देख्न सकिएन भने तर्कको सहारा लिनुपर्छ । अनि केही समयको लागि छाडिदिनुपर्छ । स्पस्ट रुपमा नदेखाइकन विश्वास गर्नु वा अभ्यास गर्नु भन्दा पछि फेरी प्रारम्भ गर्नलाई छाडिदिनु पर्छ । तब बिस्तारै हामीले पत्याउन थाल्नेछौं र स्पष्ट रुपमा देख्न थाल्नेछौं ।

यस प्रकार भगवान बुद्धले धेरै समय लगाएर प्रत्यक्ष आफूले देखेर, आफ्नो कानले सुनेर, आफ्नो मनले अनुभव गरेर बिभिन्न मार्गको बारेमा व्याख्या गरेका छन् । यसलाई अझ स्पष्ट पार्न बुद्धकालीन एउटा घटनालाई प्रश्तुत गर्न चाहन्छु ।

बुद्धकालीन घटना हो । एकजना भद्र पुरुष बुद्धकहाँ आएर आफ्नो जिज्ञासायुक्त प्रश्न यसरी राख्नुभयो-भन्ते ! तपाईं ठूलो महापुरुष हुनुहुन्छ

। अंगुलिमाल जस्ता डाँकु र आलवक जस्ता भयानक राक्षसहरूको हृदय परिबर्तन गर्ने क्षमता तपाईमा रहेको छ । तपाईको मन शुद्ध र पवित्र भए जस्तै आचरण पनि स्वच्छ र निर्मल छ । त्यसैले तपाई यथावादी तथाकारी हुनुहुन्छ । तपाई भित्र अधिकांश मानिसहरूलाई बोध गर्न सक्ने कार्य क्षमता लुकेको छ । तर एउटा कुरा तपाई स्वयंको भिक्षु संघका सदस्यहरूमा कुनै-कुनै चरित्र नराम्रा भएका तथा अनुशासनहीन व्यक्तिहरू पनि देखिन्छन् । यसो हुनाको खास कारण के होला ?

भगवान बुद्धले प्रत्युत्तर नदिइ प्रतिप्रश्न गर्दै उक्त पुरुषलाई प्रश्न गर्नुभयो- "तपाई कहाँबाट आउनु भएको ?"

"म राजगृहबाट आएको हुँ। "पुरुषले जवाफ दियो।

बुद्धले भन्नुभयो- "त्यसो भए तपाईंसित कसैले राजगृह जाने बाटो बारेमा सोधेको थियो ?"

भद्र पुरुष- "अँ ! धेरैले सोधेका थिए नी ।"

बुद्ध- "के ती सोध्नेहरू सबै राजगृह मै पुगेका छन् त ?"

भद्र पुरुष- "त्यो त मलाई थाहा छैन । कोही पुगे होलान् त कोही पुगेनन् पनि होला नि ।"

बुद्ध- "सोधेर पनि किन पुगेनन् ?"

भद्र पुरुष- "यसमा मेरो केही दोष छैन । मैले बताइ दिए अनुसार जानेहरू अवश्य पनि राजगृह पुगे होलान् भने नजानेहरू पुग्दैनन ।" अनि त्यसपछि बुद्धलाई उक्त पुरुषलाई बुझाउन सजिलो भयो र भन्नुभयो "हे भद्रपुरुष ! तपाईले जस्तै मैले पनि भिक्षुहरूलाई बाटो देखाई दिएको छु र थिएँ । तर उनीहरू मैले देखाएको बाटोमा हिंड्दैन भने त्यसमा मेरो के दोष ? उहाँले फेरी भन्नुभयो "सुद्धि असुद्धि पच्चत्तं नाो अञ्ञ विसोधये" अर्थात् शुद्धि र अशुद्धि कसैले कसैलाई गर्न सक्दैन । शुद्ध र अशुद्ध हेर्ने आ-आफ्नो व्यवहारको कुरा हो, आफ्नो बसको र स्व:मनमा आधारित कुरा हो । आफूले नै महशुश गरि संयमित जीवन विताए दु:खबाट मुक्ति पाइने मार्गमा पुग्न सकिन्छ । मैले कसैलाई संझाउने र बुझाउने मात्र गर्छु सिवाय दबावमा पारी वा करकापले कसैलाई असल मानिस र असल भिक्षु बनाउन सक्दिन ।" भगवान बुद्धले अगाडी भन्दै जानुभयो- "म कहाँ भिक्षु हुन आउनेहरू शुरु-शुरुमा नयाँ दुलही जस्तै लज्जालु हुने गर्छन् । उदाहरण दिँदै भगवान बुद्धले संझाउँदै भन्नुभयो फुलको बिरुवा सार्दा खेरी नयाँ दुलहीको जस्तै शीर निहुरी रहन्छ तर जब त्यस बोटको जरा जमीनमुनि जम्छ, अनि ठाडो भएर थिग्रिंग उभिन थाल्दछ । त्यसरी नै म कहाँ भिक्षु हुन आउनेहरू पनि शुरुमा असल र संयमित नै हुन्छन् । जब आफ्नो खुट्टा जम्छ अर्थात् अस्तित्व कायम गरी सक्छ, त्यतिवेला पुन: पुरानो संस्कारको पुनर्जन्म हुन्छ, पुरानो नै आचरण व्यवहार विस्तारै पलाएर आउँछ । अनि ठाडो स्वभावको हुन्छ, नरम भाव लोप हुँदै जान्छ । होश नै गुमेर असंयमित बनिदिन्छ । यी कुराहरू सुन्दै बसेका भद्र पुरुष एकदमै प्रभावित भए खुशीले भावविभोर भए । अनि उसले पनि बुद्धको सच्चा अनुयायी बनेर आफ्नो आचरण र व्यवहार शुद्ध पारी आफ्नो जीवन सुखमय बनाए ।

माथीका यी सम्पूर्ण घटनाबाट के प्रष्ट हुन्छ भने गौतम बुद्ध एक सच्चा मार्ग प्रदर्शक हुनुहन्छ ।

साभार : बुद्ध र उहाँको धर्म पुस्तकबाट

विशाखाया विहार

✍ चित्तधर हृदय

प्रथम श्रावस्ती बिज्याना: सुगत छं दिन अन च्वना:
मौद्गलायन, सारिपुत्र व भिक्षुपिं न्यास: ब्वना:
चा: हुहुं कीटागिरी थ्यन किन्तु दुगु खयनासन
छुं मदयूक इना: कया: तल भिक्षुतय्सं फुक अन।
अमिगु अनुचित ज्या खना: धिक्कार याना: दशवलं
धाल "सांघिक वस्तु न्यागू ई मज्यु सुं पुद्गलं।"
मेगु हानं अमित "बहनी नय्गु तोता: सकसिनं
नय्गु या ज्वी वृद्धि सुख, आरोग्य, बल, उत्साह नं।"
थैगु आदि अनेक विनय कना: अनं नं आलवी
उगु दँ वर्षावास या:वन ज्ञान अंशु महारवि।
मेगु दँ वर्षा गिरिब्रजयागु आरामे च्वन।
प्या:गु वसतं, प्या:गु सं नाना दिशाया वंदन
नित्य याना: च्वंम्ह सरल श्रृगालयात सुथे खना:
लोक निंगुलि विजय ज्वीगु गृही विनय सकतां कना:
वैत शरण कया: उपासक नं छुना: मेखुनु सुथे
पिण्डपात बिज्या:म्ह भगवान् भति न्हयथ्याना: दे सिथे
च्वंगु आरामे उदायी सकुल साधु दुथाय् बना:
अन खँ ल्हाल्हां उम्ह उदायीयात "सुख दु:खे दुना:
मुक्क सुख दुगु लोक ल्वी मखु बरु उदायी। सुं गुम्हं
शील वानपि भिक्षुतय्सं प्यंगुलिं ध्याने च्वँ च्वं
शीघ्र ल्वीकै, अन दुपिं लिस्य च्वनि अपिं ल्हाना: खँ नं"
थुलि धया: हानं श्रमणफल मेगु नं कन श्रीघनं-
"ब्रह्यचर्ये च्वनिगु थुलिजक कारणे मखु भिक्षुपिं,
स्वर्ग, नरके, जन्म, मरणे ला:गु नाना जोवपिं,
पूर्वजुनिया खँ व निरोधे यनिगु सीका: मार्ग नं
आस्त्रवक्षय याइ अमिसं" थुलि धया: भगवान् अनं
राजगृह नगरे बिज्याना: मा:छि भिक्षा नं फ्वना:
बेणुवन नामगु बिहारे हाकनं ल्याहाँ वना:
उगु दँया वर्षा सिधय्का: चारिका यायां अनं
मेगु वर्षावास चालिय पर्वते याना: हनं
अश्वपुर चम्पा व सुम्ह कजंगलाय् नं चा:हुहुं
थात वर्षावास चालिय पर्वते तुं मेगु नं।
थुगु प्रकारं फिंगुँगू वर्षा फुका: नीगू गुली।
राजगृह नगरे बिज्याना: च्वन ससंघ महामुनि।
छन्हु मगधया लैं वँ वं ब्वीं ब्वीं बुँपाला: ग्वांतना,
स:गुया कुं कुं खना: आनन्दयात क्यना: क्यना:

धाल-"सो सो हुं बुँया बुँ, भीगु चीवर वस्त्र नं
कू ल्हना: सूसा व थें, मेपिन्त जीमखु स्वीत नं।"
"ज्यू सुयाबी जिं" धया: वं राजगृह ल्याहां वया:
ल्वेक ल्वेक स्वकुं, प्यकुं ल्वीका: गनं चा:चा: तया:
यक्व हे चीवर सुया: भगवान् दुथाय् यंका: क्यन,

वैगु ज्यां "आनन्द धन्य छ !" थय् प्रशंसा जूवन ।
उगु दँया वा व:गु दीवं वन्यत वैशाली पुरे
वंबले लैं भिक्षुतय्सं वस्त्रया पोपोशिरे
यक्व क्वबुया: व:गु खंका: "सो थपाय्चो सत्वरं
म्वा: गु मुंक: ज्वीन थमिसं" धैगु भा:पा: जिनवरं
बास थ्यंका ज्वीव चिकुला चच्छिया अनुभव स्वया:
चिकुगु तंक्यत वस्त्र गुलि मा: धैगु आदि बिचा: तया:
बिल अनुज्ञा "फ्रीत दोंगा गा व अन्तरवासक
दय्व गा: छिमिसं उकीं आ: तीगुया थ्व स्वता जक"
चारिका यायां सुगत वाराणसी थ्यंक: वन,
अन च्वँच्वं छम्ह भिक्षुया घंगलि गुना: परका च्वन ।
उखनु हे उम्ह भिक्षुयात खना: विहारे चा:हुहुं
धाल शास्तां-"भिक्षुपिं ! सो गूगु परका: च्वंगु वं,
परक्य ज्यू काप: पुलांसां ज्यू निब: त:सां उकी
गाय् निब: दोंगाय् प्यब:तक, पांशुकूले यक्व ति"

अन च्वना: इच्छानुसार मुनीन्द्र श्रावस्ती वन,
दीनवन्धु अनाथपिण्डकया विहारे च्वन अन ।
छन्हु तथागत भिक्षु छम्ह नापं ब्वना: लैं लैं वं वं
निपु लँ बा: थाय् थ्यंबले वं धाल-"भन्ते ! वन्य थ्व लं"
"भिक्षु ! थुगु लं वन्य" धका गुलि लोकमान्यं धायूक नं
"का थ्व छ:पिनी पात्र चीवर" धाय्व भगवान् श्रीघनं
"हति" धका थ:मं ज्वना: हे आश्रमे ल्याहाँ वना:
भिक्षुपिं मुंका: उखुनुया जुक्व फुक घटना कना:
धाल- "ज्याथ जि जुगुलिं आ: न्यन्यगु तोतल जिगु खँ नं,
जिं छगु लं वन्यगु धा:सा वनिगु भिक्षुत मेगु लं,
पात्र, चीवर लैं दिका: नं वनिगु गबलें गुलिसिनं
आ: उकीं छिमिसं नियत या लोम्ह परिचारक छम्ह"
सारिपुत्रं धाल "भन्ते ! छाय् दहेदु जि सेवक !"
वैत सर्वज्ञं लिस: थुलि बिल प्रशंसा पूर्वक-
"सारि पुत्र ! छ गुगु दिशाय् वनि उगु दिशाय् जि दु थें जुइ
छंगु शिक्षा बुद्धपिनी जो, छीत छ उपस्थाक ज्वी ?"
थुगु प्रकारं ऋद्धिशाली मौद्गलायन आदिक
चय्म्ह भिक्षुं यात नं स्वीतं मया: परिचारक ।
छम्ह श्रमण आनन्द जक अन छुं मधास्य च्वना: च्वन,
भिक्षुतय्सं धाल "आवुस ! छं फ्वना: का थुगु पद"

धाल वं "छाय् फ्वन्यगु जिं, शास्तां मखंला थन जित:,
यदि जि योसा धाइ-वा आनन्दं ! या जिगु कार्यत"
बुद्धदेवं धाल "छिमिसं वैत धाय्मो वं स्वया:
याइ मा:सा" अल्य दना: वं बिन्ति यात थँगां न्यया:-
"शास्तायात धका बीह:गु अन्न व चीवर बीमखुसा,
थ्यन्य मखुसा गन्धकुटी नापं, निमन्त्रणे नं यन्य मखुसा,
जिं ज्यू धाय् धुंथाय् मिमन्त्रणे निश्वय भगवान् बिज्याय्गुसा,
इच्छा ज्वीवं शास्तायाथाय् ब्वां जि न्ह्याबलें वे द:सा,
मेगु राज्य वा निगमं व:पि श्रद्धावान्पि जनपिन्त
वेवं अमित ब्वना: हय् द:सा भगवान्या दर्शन बीत,
छुं धर्म जि मदुथाय् कंसानं हाकनं जित: कन्य ख:सा
याय् जिं सेवा जीवनका: छिं च्यागु थ्व खँ स्वीकृत
जूसा ।" (३० मात्रा)
वैत सुगतं च्यागुलिं वर बिल न्हिला:- "का छंस्वया:"
नियत व उपस्थाक जुल तुति भोपुया वसपोलया ।
उगु विहारे भिक्षु छम्ह रोगी जुया: खी च्वे दुना:
च्वंगु छन्हु आनन्द नापं चा:हुहुं बुद्धं खना:
वैक्य न्यन- "अय् थन छुं मदुला भिक्षु ! सुं परिचारक ?"
ख्वल व स्वीगुं छुं मयाना, या:सुनां वै जिगु जक !
वैत आनन्दं सिका: बिल, ल: मुनिन्द्रं हाय्कल,
थुख्य वया: उत्तमगु सेवा-धर्मया शिक्षा बिल-

"बिचा: मयास्य थ:थ:ले रोगी खना: मज्यू कुचाय्
छाय् धा:सा छिमि मांबौपिं मदु सुं याइपिं विचा: ।
गुरु, शिष्य, उपाध्याय, पासा बा न्ह्याम्ह हे थजु
रोगी-सेवा सुनां याइ वं सेवा या:गु ख: जिगु" (अनुष्टुप)
छन्हु व श्रावस्ती महानगरे छगू उत्सव जुया:
भिंगु बांबांला:गु वसते नं अनेक तिसां तिया:
उखुनुया भ्वेभी सिधय्का: लोकपिं थोथो मुना:

धर्म न्यन्ययां हेतु आरामे वना: च्वंपि खना:
पूर्णवर्धन साहुया पत्नी विशाखा नं वन,
बाजुम्हं मां धा:गुलि व 'मृगारमाता' नामम्ह ।
वं पला: जक तयुत नक तिनी स्व:बले नवयौवने
अमि नगर साकेतया मोल्हीगु उत्सवया दिने
थ:गु जोजोपिं कुमारीपिं छ्यो पासा ध्वया:
वंबले अनया छगु त:धंगु पुखुली वन्य धका
अन मध्यंकं वा वया: लैं फुक सखीपिं हतपतं
न्ह्योन्यसं सतले दुब्वां वन गा, वस: प्याइगु भयं ।
फुक वस: भुचाय् धुना नं उम्ह विशाखा छम्ह जक
वैक्य दुगु छं वाइ थें अय् हे वना: च्वन तीजक ।
खन अज्याथाय् योग्य कंन्या स्वेत श्रावस्तीं व वं
वा वया: अन अमि सिबे न्हापा वया: च्वं च्वंपिसं-

अमिगु यौवन, रुप नापं अमि पह: चाला फुक ।
"बचन गय् च्वं स्वे" धका थैं खैं छुत अमिसं तीजक-
"मयुजु जिथि थें च्वं छजा गय् ?" बिल विशाखां नं लिस:-
"छाय् ककापिं ! थय् उजंदय्कागु छु खना: छिकिपिसं ?"
धाल अमिसं नं न्हिला:- "सो मयुजु ! पासापिं फुक
प्याय् मलाकं थन वया: च्वन, सो वस: प्या: छंजक,
लैं ववं सांसिं लिना: ह:सां छु थय् हे याय्गु ला ?"
युक्ति पूर्वक वं लिस: बिल क्वच्छुछुं मुसुमुसु न्हिला:-

"दु यक्व दुर्लभ मजू ध्व वस: अपाय्चो,
मीमा:गु चाथल मखा बरु म्ह्याय् मचात,
छुं छां जुया: जिगु ध्व ल्हा:तुति भङ्ग जूसा
गनं जि च्वीमखु छुयाय् गुण, शील द:सां ।" (वसन्ततिलक)

वगु खं अमिसं मतीतल-"ध्वैगु जो दैमखु गनं"
अन च्वच्वं वा व:गु दीवं मिस्त वन पुखुली अनं ।
फुक अपिं मोल्हवी सिधय्का: वन अनं थ:थ:गु छुयैं ।
अमिगु ल्यूल्यू हे लम्हित नं वन विशाखायागु छुयैं ।
बौम्ह साहु धनञ्जयं सत्कार यात अमित अति
"भ्ासैं दिसैं दिसैं छाय् गनं भ्ााया, छु सेवा याय् भति !"
धाल अमिसं "मेगु मखु छिं श्रष्ठ साहु मृगारया
पुत्रयात छिम्हयाय् विशाखायागु जात: फ्वं वया"

धाल साहुं-"ज्यू यना: दिस, म्ह्याय्मचा बी मा:म्ह ख:,
ज्यू मज्यू, धन धैगु भ्ाी छु खँ, स्वेगु कुल, कुल भिगु ख:"
थुलि धया: लिमका:नि म्हुतु वं साहुनी द्वाहाँ वया:
अमित पाहाँ यात ख्यैं ओ, मह्रि तया: "भपि भपि" धया: ।
भिंगु जात: नाप नापं मान आदर नं दया:
लम्हित नं वन हर्ष पूर्वक नगर श्रावस्ती स्वया: ।
माक्व लक्ष्ण ला:गु जात: क्यन्य मला:निबले त्वत,
ग्वे लखा बीमा:गु नं फुक बीक्य साकेते छूत ।
थ: व श्रेष्ठी काय् ब्वना: जुजुयाक्य आज्ञा फ्वं वन-
"देव ! दास ध्व पूर्णवधनया इही कोछी धनु,
आ: उर्की अन वन्यगु वचन बिया बिज्या:सा याकन
नगर साकेतं धनञ्जय साहुया म्ह्याय् हय थन"
वैत कोशलया जुजुं संतुष्ट यायत भति न्हिला:
धाल "ज्यूज्यू भ्ासैं साहुजु ! नाप छु जिनं वेगु ला ?"
साहु न्हिल- "छ:पि बिज्याक्यगु भाग्य गन जिगु जुल धका"
कोशलेश्वर नं मुसुक न्हिल- "छाय् मवे छिं स:तुसा !"
थुगुकथं जुजु नं ब्वना: प्रस्थान जुल साकेतस ।
उब्यरे साहु धनञ्जयं नं जुजु दु नापं धा:गु स:
सीव मुंकल मा:गु तक सत्कार यायगु वस्तुत,
थ:गु छुयैं ध्यंका: अमित वं यात लो थें स्वागत ।

कुशल धर्म:

१) प्राणी हिंसा हुने, प्राणमा आघात पुग्ने काम नगर्नु ।
२) अर्काको शुभ र लाभमा हानी नगर्नु ।
३) काम मिथ्यामा (व्यभिचारमा) नलाग्नु ।
४) असत्य, मिथ्या व्यवहारमा नलाग्नु ।
५) अप्रमादी भई प्रशंसा गर्न योग्य कुरोको मात्र प्रशंसा गर्ने भई झूटो प्रशंसामा नलाग्नु ।
६) अरुको सेवा (परोपकार) गर्नु ।
७) सबैसँग मैत्रीपूर्ण व्यवहार गर्नु ।
८) सारयुक्त कुराहरुमा मात्र चिन्तन-मनन गर्नु ।
९) सत्य, यथार्थको खोजमा लाग्नु ।
१०) कुनै पनि कुरामा अनाशक्त भई उपेक्षा गर्न सक्नु यही नै कुशल धर्म हो ।

साभार : बुद्ध र उहाँको धर्म

लिच्छविकालका बौद्ध राजा वृषदेव

दिनेशराज पन्त

नेपालका १४ अञ्चलमध्ये लुम्बिनी अञ्चल पनि एक हो । लुम्बिनी अञ्चलको रुपन्देही जिल्लामा लुम्बिनी नाउँको एउटा गाउँ छ । सोही लुम्बिनीमा भगवान् बुद्धको जन्म भएको थियो । यो कुरा हामी मौर्यसम्राट् अशोकले आफ्नो राज्याभिषेकको बीसौं वर्षमा लुम्बिनीमा राखेको शिलास्तम्भबाट स्पष्ट बुझ्छौं ।[1]नेपालको यस क्षेत्रमा भगवान् बुद्धको जन्म भएकोले विश्वमा नेपालको गौरव बढ्न गएको छ ।

वि.स. १९३७ मा भारतको गुजरात प्रान्तका पं. भगवान्लाल इन्द्राजीले नेपालबाट लगेका २३ वटा अभिलेख प्रकाश गरेपछि नेपालको इतिहास प्रामाणिक सामग्रीको आधारमा लेखिन शुरु भएको हो । भगवान्लालले प्रकाश गरेका ती २३ वटा अभिलेखमध्ये १५ वटा अभिलेख लिच्छविकालका थिए । लिच्छविकालका १५ वटा अभिलेखमध्ये सबभन्दा पुरानो संवत् ३८६ को चाँगुको राजा मानदेवको थियो ।[2]अहिले वि.सं. २०३७ हो । यसरी नेपालका अभिलेख छापिन थालेको १०० वर्ष पुग्यो । यस बीचमा लिच्छविकालको अभिलेखका सङ्ख्या पनि करीब २०० पुगे । तर चाँगुको मानदेवको संवत् ३८६ भन्दा पहिलेको अभिलेख अहिलेसम्म पाइएको छैन । यो कुरा बडो रोचक छ ।

चाँगुको स्तम्भलेखको दास्रो श्लोकमा मानदेवले आफ्ना बराजु बृषदेवको वर्णन गराएका छन् । सो वर्णन यस प्रकारको छ :-

(श्रीम) च्चारु (न) यप्रतापविभ (वैव्व्यां) यामसंक्षेपकृत् (राजा) भूद् वृषदेव इत्यनु (पम:स) त्यप्रतिज्ञोदय: (यो रेजे) सवितेव दीप्तकिर (णै) सम्यग्धृतै: स्वै: सुतै: (वि) द्वद्भिर्ब्बहुगवितैरचपलै: शू (रै) व्विनीतात्मभि:

(राम्रा नीति प्रभाव ऐश्वर्यद्वारा लडाइ-भिडाइ कम गर्ने, बोलेको कुरा पुऱ्याउने वृषदेव नाउँ भएका बेजोड राजा हुनुभयो । राम्ररी ऐँचमा राखिएका, विद्वान्, खूब फुर्तिला, गम्भीर, शूरा, अनुशासनमा रहने आफ्ना छोराहरूले चहकिला किरणले सूर्यको जस्तै जसको (बृषदेवको) शोभा हुन्थ्यो ।)[3]

यहाँ वृषदेवका अरू विशेषणका साथसाथै व्यायाम संक्षेपकृत् (लडाई भिडाई कम गर्ने) भन्ने विशेष पनि छ । यो अलि अनौठो कुरा छ । किनभने राजालाई युद्धभूमिमा शत्रुलाई परास्त गरेका आदि विशेषण लगाउने चलन प्राचीनकालदेखि नै थियो । यसका मनग्य उदाहरण लिच्छविअभिलेखमा पनि पाइन्छन् ।

चाँगुको सोही अभिलेखमा मानदेवलाई अस्त्रापास्त्रा विधानकौशलगुणै: प्रज्ञातसत्पौरुष: (हतियार चलाउने र रोक्ने काममा सिपालु हुनाले सच्चा पराक्रम जाहेर भएका)[४] भन्ने विशेषण

लगाइएको छ। यसै गरी सोही अभिलेख मानदेवले आफूलाई क्षात्रेणाजिमखाश्रयेण विधिना दीक्षाश्रितोह स्थित: (लडाइरूपी यज्ञको आड लिएर क्षत्रीको धर्मबमोजिम दीक्षा लिएर म बसिरहेको छु)[५] भनी लेखाएका छन।

वृषदेवका वंशज राजा नरेन्द्रदेवले आफ्नो ललितपुर भन्सारचोकको अभिलेखमा

बल्गद्वीरपदातिकुन्तविशिखप्रोताश्वनागनकुले कत्या (न्यस्पृहणी) यया रणमुखे संज्ञावशेषान् द्विषः। कृत्वा....

(जोशिएर अघि बढेका वीर पैदल सिपाहीहरूका भाला र बाणहरूले घाइते भएका हुँदा हात्ति घोडाहरू तर्सिएर छयान्नब्यात्र भएको लडाइको मोर्चामा अरूको लागि लोभलाग्दो पराक्रमद्वारा शत्रुहरूलाई सखाप पारीकन)[६]

भन्ने विशेषण आफुमा लगाएका छन्।

यी त उदाहरण मात्र हुन्। यस्ता कुरा लिच्छवि अभिलेखमा अरू पनि पाइन्छन्। यस अवस्थामा मानदेवले आफ्ना बराजु बृषदेवलाई व्यायामसंक्षेपकृत् भन्ने विशेषण किन लगाए भन्ने शङ्का हाम्रो मनमा उठ्न जान्छ। हाम्रो यो शङ्कालाई नरेन्द्रदेवका नाति द्वितीय जयदेवको पशुपतिको अभिलेखको तलको पङ्क्तिले हटाइदिन्छ

श्रीमान्बभूव वृषदेव इति प्रतीतो
राजोत्तमः सुगतशासनपक्षपाती॥

(बौद्ध धर्ममा झुकेको श्रीवृषदेव भनी प्रख्यात भएका असल राजा हुनुभयो।)[७]

यसरी द्वितीय जयदेवको यस अभिलेखमा वृषदेवलाई सुगतशासनपक्षपाती (बौद्ध धर्ममा झुकेको) भनी स्पष्ट विशेषण लगाएको देखिनाले मानदेवको अभिलेखको व्यायामसंक्षेपकुत् (लडाई भिडाई कम गर्ने) भन्ने विशेषणको अर्थ खुल्छ।

चाँगुको मानदेवको अभिलेख वि.स. ५२२ को हो।[८] यस कारण मानदेवका बराज्यू वृषदेवको काल मोटा-मोटी तबरले विक्रमको पाँचौं शताब्दीको पूर्वार्ध देखिन आउँछ।

यसरी अभिलेख राख्ने पहिला नेपाली राजाको रूपमा अहिलेसम्म देखिएका मानदेवका बराज्यू वृषदेव नै बौद्ध देखिनु नेपालको इतिहासको चाखलाग्दो विषय बनेको छ।

टिप्पणी

१.वि.स. १९९९ मा कलकत्ताबाट कलकत्ताविश्वविद्यालयद्वारा प्रकाशित दीनेशचन्द्र सरकारको सिलेक्ट इन्स्क्रिप्शनज् बीअरिङ् अन् इन्डिअन् हिस्टरि यान्ड् सिभइलाइजेशन् (भारतीय इतिहास तथा लोकयात्रासंग सम्बन्ध राख्ने छनौट अभिलेख) को ७० पृ.

२. वि.स. १९३७ मा बम्बईबाट प्रकाशित इन्डिअन् यान्टिक्वरि (भारतीय प्रत्नतत्त्व) को ९ भागमा छापिएको भगवान्लाल इन्द्राजी र गेओर्ग ब्यूलरको इन्स्क्रिपशन्ज् फ्रम् नेपाल (नेपालका अभिलेख) भन्ने निबन्ध

३. वि.स. २०३० मा काठमाडौंबाट त्रिभुवनविश्व विद्यालयको नेपाल र एशियाली अध्ययन संस्थानद्वारा प्रकाशित धनबज्र बज्राचार्यको लिच्छविकालका अभिलेखका १०, १४ पृ.

४. ऐजन १२, १५ पृ.

५. ऐजन

६. ऐजन ४५८-४५९ पृ.

७. ऐजन ५४९, ५५३ पृ.

८. वि.स. २०३६ मा काठमाडौंबाट सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद् सामुदायिक सेवा समन्वय समितिद्वारा प्रकाशित सेवा ३ वर्ष १ अङ्कमा छापिएको दिनेशराज पन्तको नेपालको पहिलो सामाजिक सेवा भन्ने निबन्ध, सो अङ्कको २८ पृ.

बौद्ध दृष्टिकोणमा अहिंसा

✍रत्नसुन्दर शाक्य

नेपालको विश्वप्रसिद्ध राष्ट्रिय विभूति गौतम बुद्ध र उहाँको समकालीन बैशालीका सुपुत्र वर्धमान महावीर (जैन धर्मका संस्थापक) त्याग, तपस्या र सहृदयताको कारण सुप्रसिद्ध छन् ।

अहिंसामा पनि उहाँहरू आ-आफ्नो दृष्टिकोणमा सुप्रसिद्ध छन् ।

जसअनुसार अहिंसामा महावीर (निर्ग्रन्थनाथ पुत्र) को बिचारधारा अनुरुप जैन मुनिहरू सन्ध्या समयमा पनि बत्ती नबालिकन अन्धकारमा रहन्छन्, ताकि बत्ती बालेपछि बत्तीमा आई जलेर मर्ने कीट-पतंगहरूको प्राण व्यर्थ नजाओस् ।

यस विषयमा बुद्धको बिचारधारा अनुरुप बौद्धहरू निर्धक्कसाथ बत्ती बालेर रहन सक्छन् । बुद्ध धर्ममा बत्ती बालेर प्राणीहरूको हिंसा हुन जान्छ भनी बत्ती नबालीकन अन्धकारमै बस्नु व्यर्थ र अनुचित सम्झन्छन् । सिर्फ प्रकाशको लागि बत्ती बालिन्छ, न कि प्राणीहरूको हिंसा गर्न । कीट पतंगहरू बत्तीमा आई जलेर मरेको अपराधको चिन्ता बौद्धहरू लिदैनन्, त्यो त तिनीहरूको आफ्नै गल्तीको कारणले मर्न पुग्ने हुन्छ ।

यस्तै पानी खाने र श्वास लिनेबारेमा पनि जैन मुनिहरू महावीरको बिचारधारा अनुरुप मुखमा पट्टी बाँधिराख्ने गर्दछन् । ताकि हावामा उडिरहने प्राणीहरू मुखमा नआओस् । पानी छानेर खाने आदेश त बुद्धले पनि दिनुभएको थियो । तर जैन मुनिहरू यसमा पनि सारा पाप आफूलाई मात्र नहोस् भन्ने हेतुले आफूलाई पानी खाने चाहना हुने बेलामा आफ्नो सामु उपस्थित जोसुकै आगन्तुकलाई सकेसम्म त्यो भागको पानी खुवाउने शिष्टाचार देखाउने गर्दछन् । यसरी अहिंसाको विषयमा जैनहरूको र बौद्धहरूको दृष्टिकोण निकै फरक छ । हिंसा र अहिंसाको पनि सीमा हुन्छ । अहिंसावादीहरू एक सीमा (हद) सम्म मात्र पालन गर्न सक्छ । किनकी सारा जीवन हिंसामा नै निर्भर रहेको हुन्छ । खाने-पिउनेमा

मात्र होइन सास लिनेमा पनि हिंसा भइनै रहन्छ।

मांसाहारको विषयमा पनि बुद्धको दृष्टिकोण निकै व्यावहारिक देखिने आउँछ। उहाँले त्रिकोटि परिशुद्ध मांसको अनुमति दिनुभएको छ। ती हुन्-

१. अदृष्य- आफूलाई भनी मारेको नदेखेको
२. अश्रुत- आफूलाई भनी मारेको नसुनेको
३. अपरिशंकित- आफूलाई भनी मारेको शंका नभएको।

यस प्रकारको मांस जहाँ प्राप्त भएपनि त्यसलाई ग्राह्य मानिन्छ। जसको उदाहरणको रुपमा महापण्डित राहुल साँकृत्यायन सन् १९३० देखि १९३७ सम्म भिक्षुवेष (स्थवीरवादी) मा रहनु भएको थियो। यस अवधिभित्र उहाँले पश्चिम (यूरोप) को साथै सुदूर पूर्वको पनि यात्रा गर्नु भएको थियो। सन् १९३५ मा गरेको त्यस जापान सम्मको यात्रा सामुन्द्रिक जहाजबाट गर्नु भएको थियो। यसै यात्रामा उहाँलाई रंगुनको एक होटलमा कुखुराको मासुसँगै भोजन गर्नुभएको देखेर ताज्जुब भई उहाँको रंगुनस्थित जयपुरका मित्र पंडित हनुमानप्रसादले सोध्नु भयो- **'अहिंसाको मानते हुए मांस क्यों खाते है. क्या इससे आप हिंसाके भागी नहीं होते ?'**

उहाँले भन्नु भयो- **क्रिया होने से पहेले उसके करने की इच्छा यदि पुरुष मे हो, तभी वह उस क्रियाका कर्ता हो सकता है, आप जानते है, बाजार मे मुर्गा मारने की क्रिया जिस वक्त हो रही थी, उससे पहेले उस क्रिया कि मेरे मनमे कोइ इच्छा नहीं थी तो भला मै उस क्रियाका कैसे कर्ता हुआ ? हम मांसको जिस रुपमे खाते है वह तो चावल दालकी तरह निर्जीव अवस्था है। हाँ, मैने भोजन कि इच्छा प्रकट कि उसके बाद कोई छुरी लेकर मुर्गी मारने चले तो उसका जिम्मेवार मै अपने को जरुर समझूँगा।"**

फेरी अर्को एउटा उदाहरण-

आकाशमा दुइटा पंक्षी आपसमा लडी एकले अर्कोलाई मारी जमीनमा खसालिदियो। जमीनमा पाएको त्यस मृत पंक्षी कसैले लगी खाएमा त्यस व्यक्तिलाई मारेको अभियोग कदापि हुदैंन। त्यो मासुलाई हामी त्रिकोटि परिशुद्धको रुपमा लिन सक्छौं।

यदि मानिसहरूले मासु नै खान छोडे कसले प्राणीहरू मारेर बेचबिखन गर्ला भन्ने प्रश्न अहिलेको मात्र होइन, पहिले पनि भैसकेको र पछि पनि यथावत् नै भैरहने प्रश्न हो। यो प्रश्न अब्यावहारिक सिद्ध हुन्छ, किनकि संसारमा सदाकाल मांसाहारी र शाकाहारी दुबै थरीका मानिसहरू रहँदै आएका छन्। शाकाहारी मात्र वा मांसाहारी मात्र रहेको समय कहिल्यै पनि देखिएको छैन। यदि कसैले देखाउन खोजेका छन् भने त्यसले इतिहास प्रति बेइमानी गरेको ठहर्छ।

अर्को कुरा कतिपय कसाईले प्राणी हिंसाबाट विरक्त भई आफ्नो पुर्ख्यौली पेशाको वास्ता नगरी अन्य पेशा गरेको नदेखिएको होइन, जो मासु बेचबिखन तिर लागेका छन्, त्यसलाई हामीले आग्रह गरेर गराएको त होइन। उसले त आफ्नो स्वेच्छाले त्यो पेशा गरेको हुन्छ।

यदि कसैले बुद्धले भिक्षु संघलाई दिएको

त्यस बुद्धिवादी अहिंसा अनुरुप त्रिकोटि परिशुद्धि मांसभक्षण अनुज्ञालाई जिद्दी स्वभाव अनुसार बहिष्कार गर्दै रहने हो भने उसले अन्य आहारलाई पनि बहिष्कार गर्नु पर्दछ, किनकी प्रत्येक आहार प्राप्त गर्नको लागि किसानहरूले जुन कडा मेहनत गर्दछ, त्यहाँ असंख्य प्राणीहरूको बध भएको हुन्छ । खेतमा हर चिज उत्पादन गर्नको निम्ति अनगिन्ती प्राणीहरूको ज्यान गएको हुन्छ । फेरी बालीको रक्षाको लागि भनी अनेक कीटनाशक औषधीहरूको प्रयोग हुन्छ, जसबाट लाखौं, करोडौं, अरबौं प्राणीहरूको प्राण जान्छ, किनकी हामीलाई थाहा भएकै कुरा हो, आँखाले देखिने भन्दा नदेखिने अणुविक्षस प्राणीहरू नै अल्याख भएको हुन्छ । जसलाई हामीले माईक्रोस्कोपबाट हेर्नु पर्ने हुन्छ ।

यसरी वास्ता गर्ने हो भने हामी कुनै पनि अन्नलाई ग्रहण गर्न सक्दैनौं । अत: हामीले वास्तविकता र व्यावहारिकतालाई बुझ्नुपर्दछ । मांसाहारप्रति बुद्धको अदृष्य, अश्रत र अपरिशंकित सही रुपमा रहेको कुरालाई राम्ररी अवगत गर्नु पर्दछ, हामीलाई थाहा हुनुपर्दछ । घरघर पिच्छे भिक्षाटन वा भोजन गर्न जाने भिक्षुहरूलाई के थाहा ? जसको घरमा जुन सुलभ र तयार छ, त्यही त्यही नै प्रबन्ध गरेको हुन्छ । उदाहरणको लागि स्वयं भगवान बुद्धले नै मांस भोजन स्वीकार गर्नु भएको घटना स्पष्ट पारौं ।

बुद्धको समयमा बैशाली एक आदर्श, बलशाली एवं वैभवशाली गणराज्य थियो । त्यसबेला त्यहाँ सिंह नामका एक सुयोग्य सेनापति रहेको थियो । जसको वीरता एवं नेतृत्वको कारण मगधका राजा आजातशत्रुले धेरैपटकसम्म पराजय भोग्नु परेको थियो । ती सिंह सेनापति पहिले जैन थिए, पछि बुद्धको उपदेश सुन्ने मौका प्राप्त गरी बौद्ध हुनुभएको थियो । उहाँ त्रिशरण (बुद्ध, धर्म, संघ) मा जानुभएपछि बुद्ध एवं भिक्षु संघलाई उहाँले भोजनको लागि निमन्त्रणा गर्नु भयो ।

उहाँले घर पुग्नु भई दासहरूलाई मांस पनि लिन पठाउनु भयो । उहाँले कसाहीहरूमा रहेको त्रिकोटी परिशुद्धको रुपमा रहेको मांस किन्न पठाई खाद्य भोजन तयार गर्नु भएको थियो ।

भगवान बुद्ध पनि भिक्षु संघ सहित निमन्त्रणा अनुसार सिंह सेनापतिको घरमा जानु भई त्यहाँ तयार गरिराखेको भोजन ग्रहण गर्नु भयो । उता जैन साधुहरूलाई सिंह सेनापति आफ्नो पथबाट विमुख भएका हुनाले असह्य भईरहेको थियो । त्यसकारण तिनीहरू वैशालीको सडक सडकमा तीन दोवाटो, चार दोबाटो आदि ठाउँमा पुगी चिच्याउँदै थिए- "सिंह सेनापति अधर्मी हो, पापी हो । आज उसले बुद्ध सहित भिक्षु संघलाई भोजनको प्रबन्धको निम्ति हिंसा गऱ्यो । बुद्धको पनि कहाँ श्रमणत्व छ र । उसले आफूले जानजान थाहा पाइकन आफूलाई भनी मारेको मासु सहितको भोजन ग्रहण गऱ्यो ।"
सिंह सेनापतिले पनि यसको स्पष्टिकरण दिनु भएको थियो- "मैले भोजन प्रबन्धको निमित्त कुनै प्राणीलाई

पनि मारेको छैन, मार्न आदेश पनि दिएको छैन । म निर्ग्रन्थ (जैन) सम्प्रदायबाट अलग्गिएको कारण तिनीहरू (जैन साधुहरू) मूर्ख सरह विभिन्न ठाउँ ठाउँमा चिच्याउँदै हिंडेका थिए ।"

वास्तवमा अहिले पनि बौद्धहरूको मांस भक्षण विषयलाई लिएर बुझ्नेतर्फ नरही, बुद्धको उपदेश र बौद्ध ग्रन्थहरूको अध्ययन बिना नै सिर्फ आलोचना गर्ने तर्फमात्र लागि मनगढन्त कुराले मात्र चिच्याउनेहरू कम छैनन् ।

यदि बुझ्ने, बुझाउने तर्फ लागे नबुझ्ने खालकाहरू पनि होइनन्, तर तिनीहरू बिरोधको लागि नै बिरोध गरिरहेका हुन्छन् ।

मांस भक्षणबारे बुद्धको दृष्टिकोण अनुसार "त्रिकोटि परिशुद्ध मांस" दोषरहित सावित भए जस्तै हामीबाट कहिलेकाहिँ हुने अनायास हिंसाहरूलाई पनि उहाँले दोषरहित सावित गर्नुहुन्छ। उदाहरणको लागि धम्मपदको पहिलो गाथामा रहेको चक्षुपाल स्थविरको घटनालाई लिन सकिन्छ ।

भगवान बुद्ध श्रावस्तीको जेतवन महाबिहारमा रहनु भएको बेला त्यहाँ चक्खुपाल स्थवीर पनि बिहार गर्नुभएको थियो । उहाँले विशेष योगाभ्यास (ध्यान भावना) द्वारा राग, द्वेष, मोहलाई नष्ट गरी जीवन मुक्त (अरहत्) हुनुभएको थियो । जुन प्रयासमा उहाँले विशेष कारणवश दुबै आँखा गुमाउनु परेको थियो । तैपनि उहाँले नियमित रुपमा चंक्रमण गर्नुहुन्थ्यो । बर्षा ऋतुमा उहाँले चंक्रमण गर्ने बेलामा कयौं स-साना जीवहरू कुल्चेर मरेको देखि केहीले त्यसको गुनासो बुद्धकहाँ पुऱ्यायो । तब उहाँले भन्नुभयो। "एक त चक्षुपाल स्थवीर अन्धो हुनुहुन्छ, उहाँले केही देखेको छैन, दोस्रो उहाँ जीवन मुक्त हुनुहुन्छ । उहाँको हृदयमा द्वेषभाव उत्पन्न हुनै सक्दैन, तब कसरी हिंसा हुन्छ ?"

यसबाट सावित हुन गएको छ कि व्यक्तिलाई हिंसाको अपराधी सावित गर्न यो पनि सावित गर्न आवश्यक छ कि उसले गरेको हिंसा द्वेषभावनायुक्त हुनुपर्छ, अन्यथा अपराध सावित हुँदैन ।

बौद्धहरू हिंसा (पूर्ण रुपमा) सावित हुन पाँचवटा अङ्गहरू पूर्ण हुनुपर्ने कुरालाई मान्यता दिन्छन् । ती हुन:

१. प्राणी हुनुपर्ने

२. प्राणी हो भन्ने कुरा आफूले थाहा पाउनु पर्ने ।

३. प्राणी हत्या गर्ने इच्छा हुनुपर्ने ।

४. हत्या गर्नको निमित्त प्रहार गरेको हुनुपर्ने ।

५. प्रहार गरे अनुसार मृत्यु हुनुपर्ने ।

यसरी अहिंसा सम्बन्धी बुद्धको मध्यम (कट्टर नभई) दृष्टिकोण हुनाको कारण नै अन्य धर्म (जैन लगायत) को अपेक्षा बुद्ध धर्म देश देशान्तरमा चाँडै नै फैलिएको थियो । यसको खास कारण अहिंसामा मात्र नभई दर्शन लगायत जीवनको अन्य पक्षहरूमा पनि उहाँको बुद्धिवादी दृष्टिकोण (मध्यम मार्ग अनुरुप) हुन गएको कारण विना प्रलोभन र शक्तिले नै यो धर्म विश्वव्यापी हुन गएको हो ।

वास्तवमा बुद्धको मध्यम मार्गको बिरोध स्वयम् उहाँको जीवनकालमा उहाँकै नातेदार शिष्य देवदत्तले बडो जोडदार रुपमा गरेका थिए । जुन योजना (पाँचवटा नियम) देवदत्तले अनेक तरहले बुद्धको हत्या गर्ने प्रयासबाट

असफल भएपछि भिक्षु-संघलाई फूट पार्ने अभिप्रायले त्यस्ता नियमहरूको प्रस्ताव बुद्धकहाँ ल्याएका थिए, जुन नियम व्यवहारमा आउन नसक्ने खालका थिए । फेरी त्यस नियमको प्रस्ताव मञ्जुर नगरे बुद्धको वदनाम गराउने साथै संघभेद गर्ने देवदत्तको प्रबल इच्छा थियो । देवदत्तले ल्याएका ती नियमहरू हुन् :

१. भिक्षुहरू जीन्दगीभर (सदाकाल) जंगलमै रहनुपर्छ, जो बिहार (गाउँ, शहर) मा बस्छ, उसलाई दोष (आपत्ति) लाग्छ ।

२. भिक्षुहरूले जीन्दगीभर भिक्षाटन गरेरमात्र खानुपर्छ, जसले निमन्त्रणा स्वीकार गर्छ, उसलाई दोष लाग्छ ।

३. भिक्षुहरू जीन्दगीभर पांसुकूलिक (यताउता फालि रहेको कपडा मिलाई तयार गरिएका) हुनु पर्छ, जसले गृहस्थहरूले दिएको चिवर लगाउँछ, उसलाई दोष लाग्छ ।

४. भिक्षुहरू जीन्दगीभर रुख (वृक्ष) मुनि रहनुपर्छ, जो छतमुनि बस्छ, उसलाई दोष लाग्छ ।

५. भिक्षुहरूले जीन्दगीभर माछा मासु खानु हुँदैन, जसले खान्छ, उसलाई दोष लाग्छ ।

यी नियमहरूको वारेमा भगवान् बुद्धले भन्नु भएको थियो- "जो चाहे वनवासी हो, चाहे बिहार वासी, जो चाहे पिंडपातिक (भिक्षाटन गरी खाने) हो, चाहे निमन्त्रितवाला हो, चाहे पांसुकूलिक हो, चाहे गृहस्थले दिएको चीवर लाउनेवाला हो, अदृष्य, अश्रुत, अपरिशंकित, यी तीन प्रकारबाट परिशुद्ध मांसको पनि अनुज्ञा दिएको छु ।"

यसरी भगवान बुद्धले कुनै पनि त्यस्तो सिद्धान्तलाई भिक्षु-संघमा लागु गर्नु भएन, जो व्यावहारिक छैन । अहिंसा र मांसाहार सम्बन्धी बुद्धले जुन नियम बनाउनु भएको थियो, त्यसको सौन्दर्य आदर्श र व्यवहार दुबैमा निहित थियो ।

वास्तवमा हिंसा भनेको कायिक कर्ममात्र होइन, त्यो भन्दा बढी वाचिक र मानसिक कार्य पनि हुन जान्छ । अत: भगवान बुद्धले "संयुक्त निकाय" को अहिंसक सुत्त" मा भन्नु भएको छ- "यो च कायेन वाचय मनसा च न हिंसति । स वे अहिंसको हो ति यो परं न विहिंसति ॥"

अर्थ-

जो शरीर, वचन र मनले कसैको हिंसा गर्दैन, जो अरुलाई सताउने काम गर्दैन, त्यसलाई नै अहिंसक भनिन्छ ।

अन्यथा "जीव हिंसा" लाई मात्र हिंसा मानिने व्यक्तिहरूको निमित्त भदन्त आनन्द कौशल्यायनले उल्लेख गर्नु भएको राजस्थानी लोकोक्तिलाई याद गराउँछ ।

ती हुन्-

"जाणन हारया जाण्या वाणिया तेरी वाण अनछाना लोहु पिवे, पाणि पीवे छान" ।

अर्थ

जान्नेहरूले तेरो वानी थाहा पायो । तिमि त जीव हिंसाबाट मुक्त हुन पानी छानेर पिउने गर्दछौं तर गरीबहरूको रगत विना छानी नै पिउने गर्दछौं ।

'२१ औं शताब्दीमा बुद्धको शिक्षा किन ?' पुस्तक पढ्दा

✍ विगोल कुसी

गौतम बुद्ध महामानव हुन्; महापुरुष र महान् विचारक हुन् । उनी व्यवहारवादी, अनुभवी र बुद्धबोधवादी हुन् । बुद्ध अनीश्वरवादी र अनात्मवादी हुन् । उनी नयाँ संस्कृति र नयाँ विचार ल्याउने परम्परावादी होइन; मौलिक विचारक हुन् । मानवको कल्याण गर्न उनले अनेक सङ्घर्ष गरे, दुःख खाए । एकले अर्कोलाई गर्ने शोषण अन्त्य गर्न, धनी र गरिबबिचको खाडल पुर्न र सबजनलाई ठुलो, महात्मा र महर्षि बनाउनु भन्दा पनि उनले असल, सज्जन, समाजसेवी बनाउन राजसिंहासन त्यागे, सम्पत्ति र परिवार त्यागे । जनताको सेवा र हितमा लाग्ने महान् विचारक र महान् पुरुषहरू आफ्नो घर परिवार र धन सम्पत्तिको वास्ता गर्दैनन् या जसरी भए पनि सम्पत्ति कमाउनेतर्फ लाग्दैनन् । जनताको सेवामा लाग्दा, सेवा गर्न जनताको घर आँगनमा पुग्दा त्याग गर्नुपर्ने हुन्छ । त्यागको भावना नराख्ने, त्याग नगर्ने व्यक्ति कसरी महान् पुरुष, महामानव र सङ्घर्षशील हुन्छन् ?

उनले राज परम्परा त्यागे; राज संस्कृति त्यागे । उनले जन संस्कृति र समता संस्कृति अँगाले । उनले जाति भेदभाव कहिल्यै गरेनन् । बुद्ध कसैको विचार सही छ छैन; हुन्छ हुँदैन; पछिसम्म हित हुने हो होइन विचार गरेर, बुझेर मात्र शिरोपर गर्नुपर्छ भन्थे । उनले मेरो शरणमा आउ मुक्त हुन्छ कहिल्यै भनेनन् । बरु, उनी आफ्नो भरोसा आफै बन; आचरण राम्रो गर अनि दुःखबाट मुक्त हुनसक्छ भन्थे । उनी शुद्ध, व्यवहारिक व्यक्ति हुन् । उनी मन शुद्ध गर, आफूले आफूलाई चिन, आफ्नो व्यवहार र चालचलन राम्रो गर, आफ्नो दोष र गल्ती देख भन्थे । उनी कुरा गर्न जाँदैमा कुनै व्यक्ति विद्वान, ज्ञानी र सन्त हुँदैन भन्थे ।

सिद्धार्थ गौतम बुद्ध भइसकेपछि पनि समाजबाट अलग्ग भएनन्; अभिमानी भएनन्; स्वार्थी भएनन् । समाजमा बसेर समाजलाई गतिशील बनाउने काममा उनी लागे । बनेका र बनाइएका कति नियमहरू अहिलेको समयसित सान्दर्भिक नभए छलफल र सल्लाह गरेर समय अनुकूल परिवर्तन गर्नसक्ने सुझाव उनले भिक्षुहरूलाई दिएका थिए । उनी भन्थे, सिद्धान्त र नियम मानिसको लागि हो । जन्मले कोही ब्राह्मण हुँदैन; जन्मले कोही नीच हुँदैन । बुद्ध कट्टर विधि र नियमवादी भएनन्; बरु बुद्ध जनहितवादी भए । लापरबाही नहुनु या होसियारी हुनु भन्ने विचार उनको अन्तिम उपदेश र शिक्षा हो ।

क्रोधको विषयमा सोधेको प्रश्नको जवाफमा उनले भने; होस राखी गरेको क्रोध धर्म हो; जोशमा होस गुमाइ गरेको क्रोध पाप हो । कसैको भलाइ गर्न र सुधार गर्न कहिलेकाहीं रिसाउनु पनि पर्ने

हुन्छ भन्ने बुद्धको मान्याता हो । कमिसन खाने, घुस खाने, लोभलालच देखाएर आफूतिर तान्ने विचार बुद्धले कहिल्यै गरेनन् । भक्तिमार्गमा भन्दा ज्ञानमार्गमा लाग्नुपर्छ; स्वार्थी बन्नुभन्दा सहयोगी बनेर सेवा गर्नुपर्छ; असल मान्छे बनेर सेवा गर्नुपर्छ; देशमा ठुलो मान्छेको होइन; असल र इमानदार मान्छेको खाँचो छ । बुद्धले मूर्ति पूजाभन्दा आफ्नो विचार घर आँगनमा पुऱ्याउने काम गरे, बुद्ध शिक्षा दिए । उनी कुनै जातको पक्षमा लागेनन्; कुनै जातको वकालत गरेनन् । बुद्ध अन्धविश्वासविरोधी थिए । उनले आफूलाई कहिल्यै भगवान् ठानेनन्, भगवान् ठानेर पूजापाठ गर्न र भाकल गर्न आग्रह गरेनन् । उनी धर्मका ठेकेदार र धर्म गुरु पनि होइनन् । मूर्ति पूजा गरेर जनता सुखी र खुसी हुने पनि होइन ।

बुद्ध विचार मान्न बुद्धको पूजा गर्नुपर्छ भन्ने होइन । बुद्ध ईश्वरका प्रतिनिधि होइनन् । कुनै अवतार होइनन् । पूजा गरेर, भाकल गरेर बुद्धको विचार फैलिने होइन । हो, पूजाभित्र आस्था, विश्वास, सद्भाव हुन्छ; ज्ञान र गुणको कुरा हुन्छ, संस्कृति हुन्छ ; मान्यता हुन्छ, आफ्नो रीतिथिति हुन्छ । पूजा गर्न जाँदा पूजा गरेर फर्कँदा शारीरिक अभ्यास हुन्छ । जाँदा र फर्कँदा अनेक मानिससँग भेट हुन्छ; छलफल हुन्छ; विचार आदानप्रदान हुन्छ; दु:ख सुखको कुरा गर्न पाइन्छ, सुनाउन पाइन्छ र बाह्य ज्ञान थाहा हुन्छ; अन्तरक्रिया र अन्तरसंवादले समाजको ज्ञान थाहा हुन्छ; समाजमा भिज्न पाइन्छ; समाजका मानिस चिन्न पाइन्छ । समाजमा घुलमिल हुने, दु:ख सुख बाँड्ने काम हुँदा व्यक्तित्व विकास हुन्छ; मनको कुरा धुक्कसँग भन्न सकिने हुन्छ; डर हट्छ; डाफाभजनको एउटा उपलब्धि यो पनि हो ।

अहिलेको जमाना संसारका कुन धर्मका कति छन् भन्ने होइन । धर्म प्रचारको अर्थ बुद्धले हिन्दूलाई हिन्दूले बुद्ध धर्म बनाउने होइन; खुट्टा तान्ने होइन । जसको जति धर्म बढी भए पनि, घटी भए पनि देशको मतलब राख्दैन, जनताको सेवा गर्दैन, शोषण, दमन, अत्याचार पक्षपात हुन्छ भने त्यो धर्म मान्ने मान्छेको सङ्ख्या जति बढी भएर के गर्ने ? बुद्धले सामाजिक र सांस्कृतिक क्रान्तिसँगै राजनीतिक क्रान्ति गरेका भए या राजनीतिक क्रान्ति गर्न राजनीतिक चेतना दिएका भए समाजमा दु:ख दिने पापीहरूको सङ्ख्या कम हुन्थ्या; अरुलाई सताएर शोषण गर्ने शोषक, सामन्त, जमिनदार, कमिसनखोर, कालाबजारी, षड्यन्त्रकारीहरूको सङ्ख्या अझ कम हुन्थ्यो; सरकार सामन्त र पुँजीपतिहरूको हातमा पर्दैनथ्यो; धेरै समानता हुन्थ्यो, बहुमत जनताको सेवा हुन्थ्यो । आजभोलि कति मानिसहरू पदको दुरुपयोग गरी अवैध तरिकाले अकुत सम्पत्ति आय आर्जन गर्छन् । ऐय्यासी जीवन बिताउँछन् । कहिलेकाहीं तिनै व्यक्तिहरू दुई चार हजार, दुई चार लाख पुण्यदान गर्छन्, मठ-मन्दिर निर्माणमा आर्थिक सहयोग गर्छन् र आफूलाई खूब धर्मात्मा र समाजसेवी ठान्छन् । यसको अर्थ सहयोग गर्नु हुँदैन भनेको होइन । सहयोग, साथ, सल्लाह पनि चाहिन्छ ।

कुनै धर्मको प्रचार गरेर मात्र संसारमा शोषणरहित समाज स्थापना गर्न र आर्थिक समानताको समाज स्थापना गर्न सम्भव छैन । त्यो समाज संयुक्त राष्ट्र सङ्घको भवनबाट फुकेर पनि सम्भव छैन । धनी र गरिबको खाडल पुर्न सामन्त, शोषक, जमिनदार या धनाढ्यहरूलाई सम्झाइबुझाइ गरेर सम्भव छैन । सम्झाइबुझाइ, प्रवचन, गोष्ठी, प्रशिक्षणले जनता सुसूचित हुन्छ । जनता सुसूचित हुँदैमा शोषक, सामन्त, जमिनदारवर्गको शोषण, दमन अन्त्य हुने होइन । तर, अन्त्य गर्न सहयोग पुग्छ । संसारमा आर्थिक समानता ल्याउन, आमूल परिवर्तन

गर्न सङ्घर्ष गर्नु परेको हो । संसारमा कम्युनिस्ट पार्टीको स्थापना त्यसै भएको होइन; समाजको वर्ग विश्लेषण गरेरै धेरै दुःख, अनुभवबाट पाठ सिकेर कम्युनिस्ट पार्टी स्थापना भएको हो । राजनीतिक क्रान्तिको कुरा उठेको हो; वर्गसङ्घर्षको कुरा उठेको हो। कुनै नेता, विद्वान, पण्डित, महात्म्य, महर्षि तपस्या बसेर, ध्यान बसेर, पूजा पाठ गरेर शोषण अन्त्य हुनेछैन; विचार परिवर्तन हुने होइन । न त सबैले भरपेट खान पाउँछन् न आर्थिक समानता हुन्छ । बहुमतको हित हुनेछैन। अहिले त प्राविधिक, सामाजिक, सांस्कृतिकसँगै विचारको क्रान्तिको आवश्यकता छ । त्यो क्रान्तिको विकल्प सङ्घर्ष नै हो।

सुगन्धित पुष्प, धूप आदिले पूजा गर्दैमा धर्म लाग्ने होइन । आचरण नै खराब छ, अरूलाई सताउँछ , पीडा दिन्छ भने जतिसुकै पूजा पाठ गरे पनि धर्म लाग्दैन । सही समझदारी, सही विचार, सही वचन, सही काम, सही जीवन, सही प्रयास, सही सतर्क र सही चित्त भएको मान्छे सबैको प्रिय हुन्छ । उनीहरूलाई सबैले मान गर्छन् । यी उपाय दुःख हटाउने उपाय पनि हो । तर, सही विचार, सही काम गर्दा गर्दै कसैले उसलाई पीडा, दुःख दिन्छ भने उसले बोल्नैपर्छ, भन्नैपर्छ या सङ्घर्ष गर्नैपर्छ । हो, पुरानो संस्कार र अन्धविश्वासलाई सही ठाउँमा ल्याउन समय लाग्छ ।

स्वतन्त्र चिन्तन र स्वच्छ विचारले सोच्न सके मात्र बुद्ध धर्मलाई बुझ्न सकिन्छ । अधिकांश जनताको खाना, लत्ता कपडा, आवास र औषधोपचार नपाई सङ्कटमय जीवन बिताउन बाध्य जनताको समस्या अन्त्य गर्न शासकहरूसँग नलडी सुखै छैन । कुनै विद्वान, पण्डित, महापुरुष र महान् नेताले उनीहरू सिंहासनमा रहेका शासकहरूलाई छोड भनेर, फू मन्तर गरेर सिंहासनबाट ओर्लने छैनन्; ध्यान, तपस्या र भजन कीर्तन गरेर छोड्ने छैनन् । त्यसको लागि सङ्घर्ष नगरी हुन्न । जनतालाई राजनीतिक रूपले सचेत र सङ्गठित गर्नैपर्ने हुन्छ । नेपालको सन्दर्भमा २००७ सालदेखि ०६२/०६३ सालसम्मको घटनाक्रम हेर्दा सङ्घर्षबाटै सत्ता पल्टेको या अधिकार प्राप्त भएको देखिन्छ ।

पैसा कमाउने र घर बनाउने विचार तृष्णा होइन, बरु रातारात करोडपति बन्ने तृष्णा हो। पदको दुरुपयोग गरी अकुत सम्पत्ति कुम्ल्याउनु तृष्णा हो । आधारभूत आवश्यकता पूर्ति नभएमा नैतिक जीवन बिताउन गाह्रो हुन्छ । मान्छेलाई असल र इमानदार मान्छे बन्न उपदेश दिनुपर्छ, शिक्षा दिनुपर्छ । दलको काम विरोध गर्नु मात्र होइन , सही दिशा निर्देश गर्नु हो । खबरदारी गरेर गलत काम गर्न नदिनु हो । बहुमतले पास गरेको भन्दैमा समयोचित र व्यवहारिक छैन, देश र जनताको पक्षमा छैन भने त्यसलाई मान्नैपर्छ भन्ने छैन । सिद्धान्त बहुमतको निर्णयलाई मान्नुपर्ने अर्को पाटो छ । तर, बहुमतले देशविरोधी काम गरे, देश अरू देशसित मिलाउने, देश टुक्रा गर्ने काम गरे भने त्यो कसरी मान्य हुन्छ ?

जनताले पाएको दुःख र सुख ईश्वरको लीला होइन। संसारमा भइरहेको अत्याचार, दमन, शोषण ईश्वरको कृपाले पाएको होइन । इजरायलले प्यालेस्टिनमा गरेको आक्रमण र नरसंहार ईश्वरको कारण भएको होइन। भूकम्प, ज्वालामुखी, कोरोना, डेङ्गुजस्ता रोगको कारण मान्छेको मृत्युमा ईश्वरको कुनै देन छैन । जनताको आर्थिक जीवन सुधार्नुपर्छ । खेती गर्ने किसानलाई खेतीको सामान, व्यापार गर्नेलाई पुँजी र साधन कारखानामा काम गर्ने मजदुरलाई तलब र भत्ताको व्यवस्था भयो भने जिउने आधार बन्छ र आर्थिक चिन्ताबाट मुक्ति हुन्छ । अरुलाई खाल्डोमा खसालेर, कालोबजारी

गरेर आय आर्जन गर्नु सद्बुद्धि होइन । सुखमय जीवन बिताउन असल व्यक्तिको सङ्गत गर्नुपर्छ, अथक परिश्रम गर्नुपर्छ, सम्पत्ति दुरुपयोग नगरी उचित ढङ्गले प्रयास गर्नुपर्छ ।

व्यवस्था परिवर्तनले जनताले केही अधिकार पाए । राणा, राजतन्त्र अन्त्य हुँदै देशमा गणतन्त्र स्थापना भयो । पुँजीवादी गणतन्त्रले बहुमत श्रमजीवी जनताको हित गर्दैन । बहुमत जनताको हित नगर्ने व्यवस्था फाल्न फेरि सङ्घर्ष गर्नुपर्ने हुन्छ । सम्झाइबुझाइ गरेर मात्र व्यवस्था परिवर्तन हुँदैन या समाजवादी व्यवस्था आउँदैन । बहुमत जनताको हितमा संविधान बनेको छैन । गणतन्त्र आएपछि भक्षकहरू देखिएका छन् । देशमा द्वन्द्व चाहने जातिवादीहरू देखिएका छन् । भौतिक सम्पत्ति जोड्न, पदमा रमाउने र होडबाजी गर्ने नेताहरूले देशको समृद्धि र जनताको सुख हेर्दैनन् । नेतृत्व फेरियो, संस्कार फेरिएन । उनीहरू ठूलो मान्छे बन्न खोजे, असल र इमानदार मान्छे बनेनन् । आफू धनी हुन खोजे, अरूलाई धनी बनाउने यत्न गरेनन् । सद्भावभन्दा दुर्भाव देखियो । सच्चरित्रवान्, इमानदार, अनुशासित होइन खराब, चरित्रहीन र बेइमान देखिए । सत्कार, सम्मान, सहयोग होइन विकार देखियो । त्यसको समाधान ध्यान होइन, सङ्घर्ष हो । अपराधी, कालाबजारी, घुस्याहा, भ्रष्टाचारीलाई दयामाया गरे, छुट दिए उनीहरू झन् बढ्नेछन् । त्यो बेला उनीहरूलाई कारबाही गर्नुपर्ने हुन्छ; जेल चलान गर्नुपर्ने हुन्छ ।



हो, मार्क्सले देखाएको बाटो सजिलो छैन, कठिन छ । संसारमा भइरहेको अत्याचार हटाउन, असमानता हटाउन, सबैले न्यायपूर्ण जीवन बिताउन त्यो बाटो आवश्यक छ । बुद्धको जीवनमा बुद्धको बाटोमा त्यस्तो सङ्घर्ष गर्नुपर्दैन । तर, बुद्धले भनेझैँ संसारमा दुःख र दुःखको कारण छ, दुःख अन्त गर्ने उपाय पनि छ । बुद्ध भन्थे, "मेरो भनाइलाई आफ्नो बुद्धिको कसीमा दाँजेर हेर ।" बुद्धको धर्म पनि बहुजन हितको निम्ति हो । बुद्धको विचारमा शरीर, मन र वचनद्वारा आघात पुऱ्याउनु हिंसा हो । अर्काको जीवनमा कलङ्क लगाउनु हिंसा हो । अर्कालाई धोका दिनु हिंसा हो ।

बुद्धको शिक्षाको मूल उद्देश्य अज्ञानी र मूर्ख मानिसको हृदय परिवर्तन गर्नु हो या असल बनाउनु हो । गर्नुपर्ने काम नगरी बस्नु, धाक धम्की देखाई अरूलाई शोषण, दमन गर्नु, काममा ढिलासुस्ती गर्नु र असल कुरा सुनेर सज्जनहरूसँग नलाग्नु, बलात्कार या खराब काम गर्नु, अरुको अगाडि विश्वास पात्र हुन नसक्नु असफलताका सङ्केतहरू हुन् । वर्तमान राम्रो भयो भने भविष्य पनि राम्रो हुन्छ । बुद्धको व्यवहार राम्रो र असल भएकोले उनको उपदेश सुनेर, शिक्षा हासिल गरेर मान्छे लागेका हुन् ।

सज्जन बन, सच्चरित्रवान् बन, चित्त सफा, शुद्ध हुनुपर्छ । मानिस सज्जन, सच्चारित्रवान् अन्तरध्यानले मात्र होइन । त्यसको अर्थ अन्तर ध्यान गर्नु हुँदैन भनेको होइन । तर, अन्तरध्यानले मात्र समाज परिवर्तन सम्भव छैन । ज्योतिष, पण्डित, महात्म्य, विद्वान बन्न पहेँलो, रातो वश्त्र लाउनैपर्ने, दाह्री जुङ्गा पाल्नैपर्ने होइन । पहेँलो, रातो वश्त्र एक चण्डाल, खराब चरित्रहीन व्यक्तिले पनि लाउन सक्छ । आवश्यक समयमा आवश्यक परेमा सम्झाइबुझाइ पनि गर्नुपर्छ; विचार मिल्ने प्रयास गर्नुपर्छ । साथै आन्दोलन र सङ्घर्षको बाटो पनि भुल्नु हुँदैन ।

साङ्ख्यको सार

✍ सुरेश परियार

गौतम बुद्धका दुई गुरु थिए - आलार-कालाम र उद्दक रामपुत्त । यी दुवै साङ्ख्य मतका थिए । प्राचीन बौद्ध विद्वान अश्वघोषले स्पष्ट भाषामा भने, "बौद्ध मतको व्युत्पत्ति साङ्ख्य दर्शनबाट भएको थियो ।" (बुद्धचरित) मूल साङ्ख्यको पृष्ठभूमिमै लोकायत दर्शनको पनि विकास भएको थियो । साङ्ख्य दर्शनको प्रतिपादन कपिल ऋषिले गरेको र उनकै नामबाट बुद्धको जन्मस्थल कपिलवस्तुको नाम राखिएको भन्ने चलन छ । तर, कपिल ऋषि मिथकीय पात्र बनिसके । कतिपय विद्वान मातृसत्तात्मक अवस्थाकी कपिलाबाट पितृसत्तात्मक युगमा कपिल शब्द बनेको भन्छन् । प्राचीन साङ्ख्य गुरुमध्ये आसुरी, पञ्चशिख, वधु, सनक र सनन्दको नाम आउँछ । इतिहासले यिनलाई पनि मिथक बनाइसक्यो । साङ्ख्य शब्दको अर्थ समेत स्पष्ट छैन । (केही विद्वानले 'सम्+ख्या' अर्थात् 'सम्यक ज्ञान' भनेर सुझाएका छन् ।)

साङ्ख्य दर्शन बुद्धभन्दा पुरानो दर्शन थियो ।

कति पुरानो हो साङ्ख्य ?

'महाभारत' मा साङ्ख्य दर्शनलाई 'सनातन' भनिएको छ । प्रमाण हेर्दा यसलाई उपनिषद्कालभन्दा पनि पुरानो मान्नुपर्ने हुन्छ । कतिपय आधुनिक विद्वानले साङ्ख्यलाई 'सबैभन्दा प्राचीन' दर्शन भनेका छन् । सांकृत्यायनले वेदमा आजको अर्थमा दर्शनशास्त्र नभेटिने र ऋग्वेद-यजुर्वेदका पछिल्ला अंशमा दर्शनको धमिलो आभास पाइने बताए ।

ऋग्वेदको नासदीय सुक्त भन्छ :

"त्यो मूल स्रोत जसबाट यो संसार उत्पन्न भयो/ त्यसलाई कसैले बनाएको थियो कि अकृत थियो/यो कुरा उसैलाई थाहा छ कि छैन/ जो यो उच्च देवलोकबाट शासन गर्छ/जो सर्वदर्शी स्वामी हो ।"

यो सुक्तमा संसारको उत्पत्तिबारे वैदिक ऋषिले आफ्नो अज्ञानता मात्र देखाएका छैनन् बरु ईश्वरको ज्ञानको दायरामाथि नै प्रश्न उठाएका छन् । तर, वेदमा यी अंश धेरै पछि जोडिएका हुन् भन्नेमा धेरै विद्वान सहमत छन् ।

अद्वैत वेदान्तका प्रतिपादक आदि शङ्कराचार्य (८ औं शताब्दी) ले साङ्ख्य दर्शन 'तन्त्र कहलिने गरेको' (तंत्राख्य) बताए । उनले 'षष्टितंत्र' लाई साङ्ख्य दर्शनको प्राचीन कृति भने । तन्त्रवाद वेदभन्दा पनि पुरानो मानिन्छ । भारतीय संस्कृतिका दुई स्रोत छन् - वैदिक तथा अवैदिक । अवैदिक प्रवृत्तिको अभिन्न पक्ष हो तन्त्रवाद । तान्त्रिक विश्वास तथा क्रियाकलाप नारी, मातृसत्ता र कृषिसँग जोडिएका छन् । तन्त्रवादमा सुरुमा महिला नै गुरु हुन्थे । पुरातन उत्पादन प्रणालीको हिस्सा थियो तन्त्रवाद । विश्वका सबैजसो प्राचीन सभ्यतामा तन्त्रवाद पाइन्छ । यो एउटा सहज र आदि भौतिकवाद थियो । यही पुरातन भौतिकवादका सिद्धान्तहरूले 'मूल साङ्ख्य' मा दर्शनको रूप लिए । प्राचीन कालमा मातृसत्तात्मक समाज र तान्त्रिक प्रभाव भएका स्थान (गंगा किनार) मै साङ्ख्यको सुरुआत भएबाट यो निष्कर्ष सही देखिन आउँछ ।

यहाँ निर 'मूल साङ्ख्य' भन्नुको विशेष कारण छ। साङ्ख्य दर्शनबारे थाहा पाउने स्रोत धेरै पछिका छन् । ती रचना हुन्-साङ्ख्यकारिका (सन् ५००) र साङ्ख्य सूत्र (सन् १४००)। परोक्ष स्रोतमा महाभारत, चरक संहिता र मनुस्मृति पर्छन् । साङ्ख्य दर्शनको आलोचना गरी उपनिषद्कालमा लेखिएको (वेदान्ती) बादरायणको 'बह्मसूत्र' तथा (अद्वैत वेदान्ती) शङ्कराचार्यले लेखेको त्यसको भाष्य 'वेदान्त भाष्य' पनि महत्त्वपूर्ण स्रोत हुन् । खासमा 'ब्रह्मसूत्र' र 'वेदान्त भाष्य' निकै महत्त्वपूर्ण छन्। किनभने, बादरायण र शङ्कराचार्य भाववादी वा अध्यात्मवादी थिए र तिनले साङ्ख्य दर्शनको खरो आलोचना गरे। तर, यी रचना लेख्ने बेलासम्म साङ्ख्य दर्शनमा अनेक तोडमोड भइसकेको थियो । त्यसकारण, सुरुमा साङ्ख्य जस्तो थियो त्यसलाई मूल साङ्ख्य भन्नुपर्ने हुन्छ ।

मौर्य तथा गुप्तकालमा एकप्रकारको दार्शनिक आन्दोलन चलिरहेको थियो। तर, त्यो बेला साङ्ख्य दर्शनले आफ्नो रक्षा गर्ने विद्वान पाएन । 'साङ्ख्यकारिका' ले दुई भाष्यकार पायो - गौडपाद र वाचस्पति मिश्र। तर, यी दुवै वेदान्ती थिए। वेदान्ती भाष्यकारहरूले त्यसलाई ईश्वरवादी रूप दिन खोजिरहे । यसरी साङ्ख्य दर्शनको अस्तित्व निभ्न थालेको दियो झैं भइरहयो । 'साङ्ख्यकारिका' का लेखक ईश्वरकृष्णले साङ्ख्य दर्शनका मूल सिद्धान्तलाई वेदान्तीहरूको शरणमा लगे । साङ्ख्य दर्शनको भौतिकवादी धारलाई कसैले बुझे भने त्यसका विरोधीहरूले बुझे । त्यसकारण, ब्रह्मसूत्र र शङ्कराचार्यका आलोचनाहरू मूल साङ्ख्यका सिद्धान्त बुझ्न निकै काम लाग्छन् ।

'वेदानुसारी मनु वचन विरुद्धश्च'

शङ्कराचार्यले साङ्ख्य दर्शनलाई वेदको अनुसरण गर्ने मनु ऋषिका वचनहरूको विरोधी (वेदानुसारी मनु वचन विरुद्धश्च) भने। उनकै शैलीमा भाष्यकार रामानुजले 'कपिल स्मृतिमा शास्त्रविरोधी सिद्धान्त छ र त्यसलाई तिरस्कार गर्नुपर्छ' भने। 'साङ्ख्यकारिका' का सुरुका दुई श्लोकबाट तीन विचार प्रस्ट हुन्छन् । पहिलो, दर्शनको मुख्य उद्देश्य सबैथरी दुःखको निवारण गर्नु होह वेदमा दिइएका उपायहरू शारीरिक पीडा हर्ने साधारण औषधिभन्दा गतिला छैनन् । दोस्रो, वैदिक उपायहरू अशुद्ध, अस्थायी र अतिवादी छन् । तेस्रो, साङ्ख्यका मूल सिद्धान्तहरूको ज्ञान यसकारण वेदभन्दा विपरीत र श्रेयकर छ । यहाँ 'तत्-विपरीत' शब्दले साङ्ख्य दर्शन वेदविपरीत छ भन्ने स्पष्ट पार्छ ।

अब शङ्कराचार्यको भनाइमा जाऔं । शङ्कराचार्य आस्थालाई तर्कभन्दा माथि राख्छन् । तर, साङ्ख्य मतको खण्डन गर्न उनले तर्कको प्रचुर सहायता लिएका छन्। यो अलि विरोधाभाषपूर्ण छ। उनी दार्शनिक हुन् । तर, उनी स्मृतिकार मनुबारे भन्छन्, "मनुले भनेको सबथोक ओखती हो।" जब कि मनु शूद्रविरोधी चरमपन्थी थिए । अर्थात् मनु ऋषिको ब्राह्मणवादी सोच तथा तल्लो वर्गप्रतिको घृणामा शङ्कराचार्य सहमत थिए। मनु दार्शनिक थिएनन्। तर, उनले ब्राह्मणवादको समर्थन गर्नेलाई 'आस्तिक' भने र विरोधीहरूलाई 'नास्तिक' को कित्तामा राखे । शङ्कराचार्यले यसैलाई 'ओखती' भने । उनको दर्शनलाई 'अद्वैत वेदान्त' भनिन्छ । यसको अर्थ हो - 'ब्रह्म/आत्मा' द्वैत छैनह ब्रह्माण्डभरि एउटै 'ब्रह्म/आत्मा' व्याप्त छ। तर, शङ्कराचार्य शूद्रहरूमा त्यो ब्रह्म/आत्मा देख्दैनन् । (शूद्रमा नहुने 'ब्रह्म/आत्मा' कसरी सर्वव्यापी भयो !?) उल्टो शङ्कराचार्य मनुस्मृति उद्धृत गर्दै लेख्छन्, "शूद्र चिहान (बराबर) हो, त्यसैले उसको आसपास वेद पाठ गर्नु हुन्न।" 'शूद्रले वेद नपढ्ने हुनाले उसलाई संस्कारहीन' भन्ने शङ्कराचार्य 'शूद्रलाई ज्ञान दिइनुहुन्न' भन्ने नियमसँग आफ्नो कुरा बाझिएको हेक्का राख्दैनन्। हेक्का राखे पनि के ? उनको वचनमाथि मनु जस्ता शासकहरूको लाहा छाप लागेको थियो ।

सारमा शङ्कराचार्यमा वर्गघृणा थियो । उनी

शासक वर्ग र तिनको दार्शनिक छहारी 'ब्राह्मणवाद' का पक्षधर थिए । साङ्ख्य दर्शनले यो छहारीलाई छियाछिया पार्ने देखेरै उनले साङ्ख्यलाई 'वेदको अनुशरण गर्ने मनु ऋषिका वचनहरूको विरोधी' (वेदानुसारी मनु वचन विरुद्धश्च) भने ।

'मूल प्रकृतिः प्रधानम्'

'प्रधान' शब्दको अर्थ मूल, प्रमुख वा प्रथम हुन्छ । 'प्रधान' को लागि अर्को शब्द पनि छ 'प्रकृति' वा 'मूल प्रकृति' । साङ्ख्य दर्शनमा यसलाई 'मूल पदार्थ' को अर्थमा लिइएको छ । यही 'प्रधान' वा 'मूल पदार्थ/प्रकृति' बाट विश्व-ब्रह्माण्डको उत्पत्ति भएको अर्थात् संसारको सृष्टिमा ईश्वरको हात नभएको साङ्ख्य बुझाइ छ । यही बुझाइका कारण साङ्ख्यलाई बरोबर 'निरीश्वर प्रधान-कारणवाद' पनि भनिन्छ ।

कुनै चिज किन अस्तित्वमा आउँछ ? साङ्ख्य भन्छ - 'परिणामवाद' बाट । परिणाम जस्तो हुन्छ, त्यसको कारण पनि त्यस्तै हुनुपर्छ भन्ने मान्यता छ साङ्ख्यको । जसरी तुल्सी रोपेर सिस्नु उम्रिन्न । सिस्नु पाउन सिस्नुकै बिउ रोप्नुपर्छ । सिस्नुको सार सिस्नुको बीउमा सम्भावनाको रूपमा पहिल्यै निहित हुन्छ । यसको अर्थ कारणभित्र परिणामको सम्भावना अन्तर्निहित हुन्छ ।

कार्य-कारण सम्बन्धको साङ्ख्य सिद्धान्त भन्छ -संसार भौतिक छ र भौतिक संसारको कारण पनि भौतिक नै हुनुपर्छ ।

'अचेतन-प्रधान-कारण-वाद'

साङ्ख्यले सृष्टिको मुख्य कारणलाई 'प्रधान' भन्छ । यसैले साङ्ख्यको यो सिद्धान्तलाई प्रधानवाद वा प्रधान-कारणवाद पनि भनिन्छ । साङ्ख्यको 'प्रधान' अव्यक्त छ अचेतन छ । परिणामको सम्भावनालाई जनाउने साङ्ख्यको शब्द हो - 'अव्यक्त' । यसको अर्थ 'प्रधान' मा परिणाम ल्याउने सम्भावना 'अव्यक्त' रूपमा हुन्छ । गोचर भौतिक जगतलाई साङ्ख्यले 'व्यक्त' प्रकृति भन्छ ।

साङ्ख्यले भौतिक जगतमा तीन गुण (त्रिगुणम्) पाइन्छ भन्छ । ती गुण हुन् - सत्व (हलुकापन, आलोक र आनन्द), रजस (गति, उत्प्रेरणा र पीडा) तथा तमस (भार, बाधा र आलस्य) । सबै भौतिक पदार्थभित्र थोरै-धेरै मात्रामा यिनै गुणको मिश्रण हुन्छ । संसारको 'मूल पदार्थ' भित्र जुन सत्व गुण थियो त्यसमा बुद्धिको सम्भावना थियो । त्यसैगरी रजसमा ऊर्जा र तमसमा पिण्डको सम्भावना थियो । प्रकृति अव्यक्त अवस्थामा छँदा यी तीन गुण सन्तुलित अवस्था वा समान मात्रामा थिए । यो सन्तुलन खलबलिँदा नै भौतिक जगत अस्तित्वमा आएको थियो ।

साङ्ख्यको भाषामा जगत्को उद्भव यसरी भएको थियो - अव्यक्त अवस्था बिथोलिएपछि सुरुमा महत वा बुद्धि बन्यो । (सचेत) महतबाट अहङ्कार जन्मियो । अहङ्कारबाट मनस, पाँच ज्ञानेन्द्रिय, पाँच कर्मेन्द्रिय, पाँच तन्मात्रा (सूक्ष्म तत्त्व) जन्मे । यिनै तन्मात्राबाट पछि (अचेत) पञ्च महाभूत (जल, पृथ्वी, अग्नि, वायु र आकाश) जन्मे । पञ्च महाभूतजस्तै अचेत 'प्रधान' बाट बुद्धि, अहङ्कार र मनसजस्ता सचेत अवयव जन्मेको मान्छ साङ्ख्य । यसको अर्थ शरीर र हाम्रो मानसिक क्षमताको मूल र अन्तर्य दुवैलाई भौतिक मानेको छ साङ्ख्य दर्शनले । यसकारण, शङ्कराचार्यले यो दर्शनलाई 'अचेतन-कारणवाद' भने ।

'स्वभावेन एव'

अचेतन 'प्रधान' बाट कसरी 'चेतन' जन्मिन सक्छ ? साङ्ख्य भन्छ - स्वभाव अनुसार । 'स्वभाववाद' बिना 'प्रधानवाद' अधुरो छ । 'स्वभाव' एक प्रकारको कारण हो प्राकृतिक नियम हो । साङ्ख्य भन्छ- घाँस, जडिबुटी र पानीलाई गाईले स्वभाव अनुसार अचेतन दूधमा बदल्छ यसरी नै 'प्रधान' पनि स्वभावअनुसार गतिमान हुन्छ सचेत 'महत' मा परिणत हुन्छ । गोरुले घाँस, जडिबुटी र पानी खाएर दूध बनाउन सक्दैन । यही बुझी मान्छेले गाईलाई धेरै दाना खुवाएर बढी दूध प्राप्त गर्न सक्छ । अर्को शब्दमा भन्नुपर्दा मान्छेले 'स्वभाव' वा 'प्रकृतिको नियम' लाई बुझेर प्रकृतिमाथि विजय प्राप्त गर्न सक्छ । यो नितान्त वैज्ञानिक दृष्टिकोण हो ।

यहाँनिर साङ्ख्यको तर्कबलबारे उल्लेख गर्नु सान्दर्भिक हुन्छ । जीवन र जगत्का सामान्य भोगाइ वा अवलोकनबाट उदाहरण दिने हुनाले साङ्ख्यलाई शङ्कराचार्यले सशक्त दर्शन माने । यसलाई उनले 'दृष्टान्त वल' भने ।

'प्रधान-मल्ल निर्वहण न्याय'

वेदान्तीहरूले साङ्ख्य दर्शनलाई सबैभन्दा ठूलो शत्रु (प्रधान-मल्ल) ठाने ।

बादरायणले साङ्ख्य दर्शनको मर्म बुझे । त्यसैले 'ब्रह्मसूत्र' मा पहिला चार सूत्रमा 'ब्रह्म' को चर्चा गरेलगत्तै साङ्ख्यको खण्डन सुरु गरियो । 'ब्रह्मसूत्र' मा ५५५ सूत्र छन् । तीमध्ये ६० सूत्रमा प्रधानवादको खण्डन गरियो । ४३ सूत्रमध्ये ४ सूत्रमा जैन मतको र १७ सूत्रमा बौद्ध मतको खण्डन गरियो । खासमा 'ब्रह्मसूत्र' उपनिषद् वा वेदान्त दर्शनलाई व्यवस्थित गर्ने प्रयास थियो । साङ्ख्य दर्शनको खण्डन यस प्रयासमा कोशेढुङ्गा साबित भयो । चुरो कुरो के भने प्राचीन भौतिकवादको आलोचनाको जगमा वेदान्त दर्शनको मायावी महल खडा गरियो ।

बादरायणले जे गरे शङ्कराचार्यले त्यही परम्परालाई अघि बढाए । उनले साङ्ख्य दर्शनलाई 'मुख्य शत्रु' भने । यसको खण्डन गरेपछि तपसिलका सबै विपक्षी स्वत: पराजित भएको ठानिने उनले लेखे । लोकायत दर्शनको खण्डन गरिएन । त्यसलाई तपसिलको ठानियो । साङ्ख्य दर्शनको खण्डन गरेपछि सबै भौतिकवादी दर्शनको खण्डन हुने मानियो ।

किन आँखी बन्यो साङ्ख्य ?

साङ्ख्य दर्शनका जराहरू आदिम समाजसम्म पुग्छन् । यसलाई तन्त्रवाद र योगसँग पनि जोडेर हेरिन्छ । यी दुवैमा आदिम जादु-टुनाको छाप पाइन्छ । साङ्ख्यले वेदको सर्वोच्चतालाई मानेन । बरु, त्यसले आदिभौतिकवादी दृष्टिकोण लियो । साङ्ख्य अवैदिक विचार थियो । वैदिकजन पशुपालक थिए । यसको विपरीत तन्त्रवाद मातृसत्ता वा कृषि समाजको विशेषता थियो । समाज वर्गमा विभाजित हुनुअघिको यही समाजबाट साङ्ख्य दर्शन जन्मेको थियो । वेदान्त पितृसत्ता वा पशुपालक समाजबाट जन्मेको थियो । वेदान्तको भाववादी वा अध्यात्मवादी विचार नै उपनिषद्हरूको मूल विषय बन्यो । अर्थात्, उपनिषद्हरू ब्रह्म/आत्माको वरिपरि घुमे । खासमा उपनिषद्हरू वेदभन्दा पनि पर गए । ऋग्वेदका देवता काम गर्थे । तर, उपनिषद्कालसम्म समाज विभिन्न वर्ग/वर्णमा बाँडियो । शोषणको जगमा नयाँ समाज बन्यो । ब्राह्मण र क्षेत्री/ठकुरी शासकको रूपमा उदाए । जनै लगाउने हुनाले तिनलाई दोहोरो जन्मिने वा 'द्विज' भनियो । राज-दण्ड क्षेत्री/ठकुरीसँग थियो भने वैचारिक-दण्ड ब्राह्मणको हातमा थियो । तिनीहरू कृषि कर्मलाई हेलाहोचो गर्थे 'पराधीनहरूको काम' भन्थे । वेदमा 'प्रज्ञा'/विवेकलाई 'धी'/'कर्म' (कार्य) भनिन्थ्यो । शारीरिक र बौद्धिक श्रम समान थिए वेदमा । उपनिषद्कालसम्म आइपुग्दा शासकहरूले शारीरिक श्रम त्यागे । कृषि र कला-कौशल तल्ला जातिको काम बन्यो । शासकहरू बुद्धि विलासमा रमाउन थाले । उनीहरूको वैचारिक उडान भौतिक जगतको यथार्थबाट धेरै पर गयो । हावादारी बादलमा भाववादी वेदान्त जन्मियो/ब्रह्म-आत्माका विचार फुरे । वेदान्ती अध्यात्मवाद शासकहरूको लागि निकै फलदायी सिद्ध भयो ।

साङ्ख्यको 'अचेतन-कारणवाद' विरुद्ध वेदान्तीहरूले 'चेतन-कारणवाद' वा 'ब्रह्म-कारणवाद' खडा गरे । वेदलाई आड बनाएर तिनले 'ब्रह्म, आत्मा र ईश्वरलाई सत्य र भौतिक जगतलाई मिथ्या, माया वा छल' भने । यो सिद्धान्तको बाटोमा साङ्ख्यको अचेतन-प्रधान-कारणवाद र स्वभाववाद ठूलो अवरोध बनेर तेर्सिएको थियो । साङ्ख्यले पदार्थलाई मूल मान्यो भने वेदान्तले चेतनालाई । त्यही भएर साङ्ख्य दर्शन वेदान्तीहरूको आलोचनाको मुख्य तारो बन्यो ।

भौतिकवाद र अध्यात्मवादबीचको यो सङ्घर्षमा साङ्ख्य दर्शनको दु:खद पराजय भयो । किन ? त्यो एउटा शब्द थियो - पुरुष ।

'पुरुष बहुत्वम्'

मूल साङ्ख्यमा 'प्रकृति' को ठीकविपरीत 'पुरुष' को स्थिति गौण वा 'अ-प्रधान' थियो। 'ब्रहमसूत्र' र 'साङ्ख्यकारिका' दुवैमा 'पुरुष' को उपनाम 'अ-प्रधान' छ।

'चरक संहिता' मा 'पुरुष' को उल्लेख छ। चरक (सन् ७८) ले 'पुरुष' का पाँच अर्थ हुन सक्ने बताए। तीमध्ये उनले 'पुरुष' को अर्थ २४ तन्मात्रा हुन सक्ने भने। त्यस्तै पुरुषका 'अनादी' (अव्यक्त) र 'सादी' (व्यक्त) गरी दुई पाटा हुन सक्ने उनको दोस्रो अनुमान थियो। उनले अरू तीन अर्थलाई अस्वीकार गरे। चरकलाई 'पुरुष' को अध्यात्मवादी व्याख्या चित्त बुझेन। त्यसैले उनले 'पुरुष' लाई भौतिकवादी अर्थमा हेरे। त्यसलाई उनले 'प्रकृति' कै 'अव्यक्त' हिस्सा माने। यसरी उनले 'प्रकृति' भित्रै 'पुरुष' लाई एकाकार माने।

'पुरुष' को अर्थ सामान्यतया छोरामान्छे हुन्छ। मूल साङ्ख्य मातृसत्तात्मक समाजको उपज थियो। त्यो बेला पुरुषको स्थान गौण वा अ-प्रधान थियो। त्यो समाजमा बाबुको कुनै पहिचान थिएन। आमाबाटै छोराछोरी चिनिन्थे। त्यहीबाट मूल साङ्ख्यमा 'बहुपुरुष' (अनेक पुरुष) शब्द परेको मान्दा यसको अर्थ खुल्छ।

मूल साङ्ख्यबाट आएको 'बहुपुरुष' शब्द देखी 'साङ्ख्यकारिका' का लेखक तथा त्यसका भाष्यकारहरूको दाँतबाट पसिना छुट्यो। यसैकारण, साङ्ख्य दर्शनमा गञ्जागोल सुरु भयो। साङ्ख्य विरोधाभाष वा असङ्गतिहरूले जेलिन पुग्यो।

मूल साङ्ख्यका सिद्धान्तहरू शासक-धर्मका विरोधी थिए। तसर्थ, तिनलाई अध्यात्मवादको पक्षमा तान्न लगातार प्रयास भयो। कसैले साङ्ख्य दर्शनलाई ठाडै शत्रु भने त कसैले त्यसको व्याख्या बदलेर वेदान्तको रूप दिन खोजे। वाचस्पति मिश्र, अनिरुद्ध र विज्ञान भिक्षुजस्ता भाष्यकार दोस्रो थरीमा पर्छन्। उनीहरूको काममा 'पुरुष' शब्द निकै सहायक सिद्ध भयो। उनीहरूले त्यसलाई 'प्रकृति' भन्दा माथि 'अनासक्त पुरुष' (वेदान्तको ब्रह्म/आत्मा सरह) भने। यसरी मूल साङ्ख्यमा जबरजस्ती वेदान्तको विचार घुसाइयो। 'पुरुष' को अर्थ बदलेर मूल साङ्ख्यको मर्म बिगार्ने काम 'महाभारत' को बेला सुरु भइसकेको थियो। 'साङ्ख्यकारिका' का लेखक ईश्वरकृष्णले त्यही कामलाई अघि बढाए। 'बहुपुरुष' शब्दले ईश्वरकृष्णलाई सधैँ सताइरह्यो। उनले मूल साङ्ख्यबाट आएको 'पुरुष बहुत्वम्' लाई त्याग्न सकेनन् र आफ्नो रचनामा त्यसलाई स्थान दिए। तर, उनले 'पुरुष' लाई 'प्रकृति' वा 'अव्यक्त' भन्दा माथि राखे। वेदान्तको 'अनासक्त पुरुष' लाई अँगालेर उनले साङ्ख्यको सार प्रधानवाद र परिणामवादलाई त्यागे। सृष्टिको कारणको रूपमा एक 'अनासक्त पुरुष' लाई कर्ता मान्दा प्रधान ओझेलमा पर्‍यो र कार्य-कारण सम्बन्ध बिथोलियो।

यही विरोधाभाषलाई बलियो तर्क बनाएर अन्ततः शङ्कराचार्यले साङ्ख्यलाई उठ्नै नसक्ने गरी खण्डन गरे। उनलाई थाहा थियो ईश्वरकृष्णको 'पुरुष' प्रधानवाद र परिणामवादभन्दा विपरीत थियो। साङ्ख्यका तीन सिद्धान्त थिए- प्रधानवाद, परिणामवाद र बहुपुरुष। 'अनासक्त पुरुष' को असङ्गति देखाउँदै शङ्कराचार्यले प्रधानवाद र परिणामवादको खण्डनमा बढी जोड दिएका थिए। यद्यपि, आधुनिक विद्वानहरूले उनको खण्डनका गुण-दोष केलाइसकेका छन्। उनको खण्डनमा अनेक कुतर्क भेटिन्छन्।

सारमा, मूल साङ्ख्य नास्तिक वा भौतिकवादी थियो। त्यसैले साङ्ख्य दर्शनले हामीलाई व्यवहारिक विज्ञानका केही मूलभूत विचार दिलाउन सक्यो।

स्रोत :

१. देवीप्रसाद चट्टोपाध्याय, लोकायत

२. देवीप्रसाद चट्टोपाध्याय, इन्डियन फिलोसफी

३. देवीप्रसाद चट्टोपाध्याय, टु ट्रेन्ड्स इन इन्डियन फिलोसफी

४. देवीप्रसाद चट्टोपाध्याय, ह्वाट इज लिभिङ एन्ड ह्वाट इज डेड इन इन्डियन फिलोसफी

५. राहुल सांकृत्यायन, दर्शन दिग्दर्शन

६. रामशरण शर्मा, शुद्रज इन एन्सियन्ट इन्डिया

बौद्ध धर्म र राष्ट्रवादः शान्ति र द्वन्द्वको दोधार ?

✍ राजन फाजू

आजको विश्वमा राष्ट्रवाद तीव्र रुपमा फैलिएको छ भने अर्कोतर्फ बौद्ध धर्म पनि विश्वव्यापी रूपमा विकसित हुँदैछ । तर यी दुई विषय कहिलेकाहीं विपरित ध्रुवजस्तो देखिन्छ । राष्ट्रवादले आफ्नो देश, जाति, वा संस्कृति प्रति गहिरो प्रेम र लगाव देखाउँछ भने बौद्ध धर्मले सबै जीवप्रति दया, करुणा र अन्तरसम्बन्धित जीवन दर्शन सिकाउँछ । झट्ट हेर्दा वर्तमान अवस्थामा देखिएको राष्ट्रवादको नाममा उग्रवाद नै बौद्ध धर्मको लागि अवरोध हो कि भन्ने लाग्छ ? यसकारण वास्तविक राष्ट्रवाद र बौद्ध धर्मलाई सन्तुलित रुपमा बुझ्नु आवश्यक हुन्छ ।

राष्ट्रवादको स्वरूप र प्रभाव

राष्ट्रवाद मूलत : आफ्नो देश, भाषा, संस्कृति र पहिचानप्रति गर्व र समर्पणको भावना हो । यसले मानिसहरूलाई एकताबद्ध गर्न र राष्ट्रिय हितका लागि काम गर्न उत्प्रेरित गर्छ । तर जब राष्ट्रवाद अत्यधिक बढ्छ र आफूभन्दा फरक समूह वा राष्ट्रप्रति द्वेष, असहिष्णुता, वा असुरक्षा भावना बढाउन थाल्छ, तब यसले विभाजन, द्वन्द्व र हिंसाको अवस्था निम्त्याउँछ । यस्तो अवस्थामा राष्ट्रवादले 'हामी र तिमी' को भेद सिर्जना गरेर शान्ति र सहअस्तित्वमा बाधा पुर्याउँछ ।

बौद्ध धर्मको मूल शिक्षा

बौद्ध धर्मको आधार शान्ति, करुणा, अहिंसा र अन्तरसम्बन्धको ज्ञान हो । बौद्ध शिक्षामा सबै प्राणी एकअर्कासँग गहिरो सम्बन्धमा छन् भन्ने सन्देश छ । 'प्रतीत्यसमुत्पाद'को सिद्धान्त अनुसार सबै कुरा परस्पर निर्भर छन् र कुनै पनि वस्तु वा जीव एकान्तमा अस्तित्वमान छैन । बौद्ध धर्मले हाम्रो मनमा रहेका तीन विषको रूपमा चिनिएको लोभ, द्वेष र मोहलाई चिनेर यसबाट मुक्त हुन सिकाउँछ ।

राष्ट्रवाद र बौद्ध धर्मबीचको द्वन्द्व

उग्र राष्ट्रवादको जबरजस्ती विस्तार वा यसलाई कट्टर रूपले प्रस्तुत गरिनुले बौद्ध धर्मका सार्वभौमिक मूल्यहरूलाई चुनौती दिएको छ । राष्ट्रिय पहिचानलाई अत्यधिक महत्त्व दिने मानिसहरू प्रायः आफूभन्दा भिन्न धर्म, जाति, भाषा वा संस्कृतिका प्रति असहिष्णु हुन सक्छन् । यस्तो अवस्थामा बौद्ध धर्मले सिकाएको सबैप्रति समान भावना र अहिंसात्मक दृष्टिकोण कमजोर हुन पुग्छ ।

राष्ट्रवादले "मेरो देश, मेरो संस्कृति नै सर्वोच्च" भन्ने भावना जगाउँछ, जसले बाह्य संसारसँग दूरी कायम गर्छ जबकी बौद्ध धर्मले सबै जाति, धर्म र देशका मानिसहरू समान रूपमा सम्मानित भएको संसारलाई एउटा परिवारको रूपमा हेर्न सिकाउँछ

। यसैले, अत्यधिक राष्ट्रवादी सोचले बौद्ध धर्मको मर्मलाई चुनौती दिन्छ ।

राष्ट्रवाद र बौद्ध धर्म सँगसँगै कसरी जान सक्छ ?

तर सच्चा राष्ट्रवाद र बौद्ध धर्मबीच पूर्ण द्वन्द्व होइन, सम्भावित सन्तुलन खोज्न सकिन्छ। "सच्चा राष्ट्रवाद" वा "सकारात्मक राष्ट्रवाद" भन्नाले आफ्नो देश र संस्कृतिप्रति माया राख्नु तर यसलाई अरूलाई नकारात्मक रुपमा नहेर्नु हो । यस्तो राष्ट्रवादले आफ्नो समुदायको भलाइ चाहन्छ तर अरुप्रति घृणा, द्वेष वा असहिष्णुतालाई बढावा दिँदैन ।

बौद्ध धर्मले पनि आफ्नो सांस्कृतिक र धार्मिक पहिचानलाई सम्मान गर्न सिकाउँछ। तर त्यो सम्मान अहंकार वा अरूलाई हेप्ने तरिकाले होइन, आत्म-ज्ञान र करुणाको माध्यमबाट हुन्छ । यस्तो दृष्टिकोणले राष्ट्रवादलाई नकारात्मक दिशाबाट हेर्न रोक्छ ।



व्यवहारिक चुनौती र मानव स्वभाव

कहिलेकाहीं भनिन्छ, मानिस स्वभावले लोभी र स्वार्थी हुन्छन् र त्यसैले उनीहरूलाई कडाइका साथ नियन्त्रण वा सजाय दिनुपर्छ। यो दृष्टिकोणले बौद्ध धर्मलाई अवास्तविक वा केवल सैद्धान्तिक मात्र मान्ने खतरा हुन्छ । तर बौद्ध धर्मले लोभ र क्रोधलाई मानिसको स्वभावको भाग मान्छ तर त्यसमा फसिनु भनेको अनावश्यक हो। बौद्ध धर्मले व्यवहारमा मानिसलाई ध्यान, सदाचार र विवेकमार्फत तिनीहरूलाई पार गर्न सिकाउँछ । यसैले बौद्ध धर्म केवल सैद्धान्तिक मात्र होइन, दैनिक जीवनमा समेत व्यवहार्य छ । यसको अभ्यासले मानिसहरूलाई आफूभित्रको लोभ र द्वेष कम गर्न र शान्ति मार्ग अपनाएर सच्चा राष्ट्रवादी हुन अभिप्रेरित गर्छ ।

विश्वमा हिंसा र बौद्ध धर्मको चुनौती

हाल विश्वमा राष्ट्रवादको नाममा हिंसाका घटना बढिरहेका छन्, भने अर्कोतर्फ बौद्ध धर्मको लोकप्रियता र गहिराइ पनि बढ्दैछ। यो विरोधाभासले देखाउँछ कि व्यक्तिगत वा सानो समूहमा बौद्ध अभ्यास फस्टाउँदैछ तर ठूलो परिप्रेक्ष्यमा सामाजिक, राजनीतिक र आर्थिक संरचनाले हिंसा निरन्तरता पाउँदैछ । बौद्ध धर्मले व्यक्तिगत परिवर्तनको मार्ग देखाउँछ तर सामूहिक परिवर्तन र हिंसाको जड हटाउन समग्र समाजको प्रयास आवश्यक छ। राष्ट्रवाद जब कट्टर हुन्छ र संकीर्ण सोच ल्याउँछ, तब हिंसा र द्वन्द्व बढ्छ, जसले बौद्ध धर्मको फैलावट र अभ्यासमा बाधा पुऱ्याउँछ ।

राष्ट्रवाद र बौद्ध धर्मको सन्तुलन र भविष्य

राष्ट्रवाद र बौद्ध धर्मबीचको द्वन्द्व केवल वैचारिक मात्र होइन, गहिरो मनोवैज्ञानिक र सामाजिक चुनौती हो । मानिसहरू स्वभावले लोभी, द्वेषी र आत्म-केन्द्रित हुन्छन्, जसले राष्ट्रवादको कट्टरता र हिंसा जन्माउँछ । तर त्यही मनोवृत्ति बौद्ध धर्मले चिनेर त्यसलाई परिवर्तन गर्ने अभ्यास सिकाउँछ । त्यसैले हामीले बुझ्नुपर्छ, राष्ट्रवाद र बौद्ध धर्म विपरीत होइनन्, तर जब राष्ट्रवाद कट्टर र अहंकारी हुन्छ तब मात्र बौद्ध धर्मको शिक्षामा बाधा पुर्याउँछ। बौद्ध धर्मले हामीलाई आन्तरिक शान्ति, करुणा र

सार्वभौमिक प्रेमको बाटो देखाउँ छ, जसले राष्ट्रिय सीमाभन्दा माथि उठेर मानवतालाई जोड्छ ।

यस मार्गमा जब हामी व्यक्तिगत रुपमा र सामाजिक रुपमा परिवर्तन ल्याउँछौं, तब मात्र राष्ट्रवादलाई स्वस्थ र सहिष्णु रूपमा परिणत गर्न सकिन्छ । यस्तो राष्ट्रवादले आफ्ना मानिसहरूको कल्याण खोज्नेछ र अरूसँग सहयोग र सम्मानको सम्बन्ध बनाउनेछ। यसरी मात्र बौद्ध धर्म र राष्ट्रवाद दुबै एकअर्कालाई पूरक र सशक्त बनाउन सक्छन् ।

आजको विश्वमा जहाँ हिंसा, द्वन्द्व र असहिष्णुता बढ्दैछ, त्यहाँ बौद्ध धर्मले आत्म-परिवर्तन र करुणाको सन्देश लिएर एउटा सशक्त शान्ति आन्दोलनको मार्ग खोल्न सक्छ। तर यो त्यतिबेला मात्र सम्भव हुन्छ जतिबेला हामी राष्ट्रवादलाई घृणा र अहंकारको रूपमा होइन, जिम्मेवार र प्रेमपूर्ण राष्ट्रिय पहिचानको रूपमा लिन्छौं ।

राष्ट्रवादको प्रभाव र विश्वव्यापी विवाद

हालको विश्वमा राष्ट्रवादका कारण धेरै व्यापारिक विवादहरू पनि देखा परेका छन् । राष्ट्रवादले अन्तर्राष्ट्रिय व्यापार, कूटनीति, र सहयोगमा प्रत्यक्ष प्रभाव पार्दै आएको छ। उदाहरणका लागि, "Make America Great Again" (MAGA) अभियान अन्तर्गत अमेरिकाले आफ्नो उद्योग र रोजगारी संरक्षणका लागि कडा सीमा नीतिहरू अपनाएको छ। यसले विश्व व्यापारमा तनाव सिर्जना गरेको छ, जसले अन्य राष्ट्रहरूसँगको सम्बन्धमा द्वन्द्व र अविश्वास बढाएको छ। यस्तो उग्र राष्ट्रवादी नीति आर्थिक सहयोगलाई कमजोर बनाउँदै विश्वव्यापी शान्ति र समृद्धिमा बाधक बन्न सक्छ। यसले चीन, युरोपेली संघ, मेक्सिको, र अन्य धेरै मुलुकहरूसँग व्यापार युद्धको स्थिति निम्त्यायो ।

पोल्याण्ड, हंगेरीजस्ता युरोपेली संघभित्र पनि केही राष्ट्रहरूले यूरोपीय एकताभन्दा राष्ट्रवादी चासोलाई प्राथमिकता दिँदै साझा नीति विरोध गर्ने प्रवृत्ति देखाएका छन् । यो प्रवृत्तिले European Union को समग्र एकता र विश्वसनीयतामा असर पारेको छ । त्यसैगरी, ब्रेक्जिट (Brexit) पनि राष्ट्रवादको एक स्पष्ट उदाहरण हो, जहाँ बेलायतले "British Sovereignty" को नारासहित यूरोपीय संघबाट बाहिरिने निर्णय गर्‍यो। यसले बेलायत र युरोपेली संघबीच व्यापार, आप्रवासन, र कूटनीतिक सम्बन्धमा लामो समयसम्म असर पार्ने द्वन्द्व उत्पन्न गरायो । जब राष्ट्रवादको प्रभाव आर्थिक नीतिमा अत्यधिक रूपमा प्रवेश गर्छ, तब यसले विश्वव्यापी सहयोग र परस्पर-निर्भर आर्थिक प्रणालीमा फाटो ल्याउन सक्छ भन्ने कुरा यी सबै उदाहरणहरूले देखाउँछन्। व्यापारिक साझेदारहरूबीच अविश्वास बढ्छ, बहुपक्षीय संगठनहरूको प्रभाव घट्छ र अन्ततः विश्वमा तनाव र प्रतिस्पर्धा तीव्र हुन्छ ।

बौद्ध धर्मको दृष्टिकोणले हेर्दा, यस्तो व्यापारिक राष्ट्रवादले अहंकार, लोभ र भय को भावना झल्काउँछ। राष्ट्रहरूको "मात्र मेरो फाइदा" भन्ने दृष्टिकोणले करुणा, सहकार्य, र अन्तरसम्बन्धमा आधारित दृष्टिकोणलाई पन्छाउँछ। यसैले, वर्तमान विश्वमा राष्ट्रवादका कारण उत्पन्न व्यापारिक विवादहरू केवल आर्थिक मुद्दा होइनन्, यसले सांस्कृतिक, नैतिक, र मानवताको मूल्यहरूमाथि पनि गहिरो प्रभाव पारिरहेको छ । बौद्ध धर्मले यस्तो प्रतिस्पर्धामूलक सोचलाई चुनौती दिँदै साझा हित, परस्पर सम्मान, र दीर्घकालीन शान्ति तर्फ उन्मुख हुन आग्रह गर्दछ ।

आधुनिक विश्वमा बुद्ध धर्म पुनरुद्धारको प्रसंग

- आधुकिन युगमा भिक्षु बन्ने प्रथम भारतीय भिक्षु थियो भिक्षु महावीर ।
- सन् १८९१ मा श्रीलंकाको अनगारिक धर्मपालले भारतमा बुद्ध-धर्मको पुनरुत्थान गरेको मानिन्छ ।
- भारतमा बुद्ध-धर्म सुप्रितिष्ठित पार्ने तीन स्तम्भहरू यसरी छन्:-

  १.भदन्त आनन्द कौशल्यायन

  २.महापण्डित राहुल सांकृत्यायन

  ३.भिक्षु जगदिश काश्यप
- भारतको आधुनिक नालंदा इन्स्टिच्यूंट सन् १९५१ मा भिक्षु जगदिश काश्यपले स्थापना गरेको थियो ।
- देवनागरीमा (पाली-भाषामा) सर्वप्रथम त्रिपिटक सम्पादन एवं अनुवाद गर्ने व्यक्ति थियो भिक्षु जगदिश काश्यप ।
- महापण्डित राहुल सांकृत्यायन (१८९३-१९६३) श्रीलंकामा भिक्षु बनेको थियो, र भिक्षु हुनु अघि उहाँलाई रामोदर बाबा भनिन्थ्यो ।
- बाबासाहेब डा. भीमराज अम्बेडकर (१८९१-१९५६) सन् १९५६ (अक्टोबर १४) का दिन आफ्ना लाखौं अनुयायीहरूका साथ बौद्ध बनेका थिए ।
- बुद्ध एक काल्पनिक पुरुष नभई एक ऐतिहासिक पुरुष हुनुहुन्थ्यो भन्ने कुरा यूरोपमा
- सर्वप्रथम जर्मनी विद्धान् हरमन ओल्डेनवर्गले १९ औं शताब्दीको अन्तातिर स्पष्ट पारिदिएको थियो ।
- सन् १८७९ मा प्रकाशित सर इडविन आर्नोल्डद्वारा लिखित "दि लाइट आफ एशिया"
- नामक पुस्तकले पश्चिमी विश्वमा बुद्धप्रति जिज्ञासा उत्पन्न गराइदिएको थियो ।
- भिक्षु बन्ने प्रथम जर्मनी थियो- आण्टोन गीठ । उनी सन् १९०४ मा भिक्षु ञानतिलोक हुनु भएको थियो ।
- भिक्षु बन्ने प्रथम अंग्रेज थियो- आलेन बेनेट (१८७२-१९२२) । यनी सन् १९०१ मा श्रामणेर बनेको थियो । बुद्ध-धर्ममा दिक्षित भएपछि उनको नाउं भयो- आनन्द मैत्तेयय ।
- बेलायतमा प्रथम बौद्ध विहार सन् १९५४ मा खडा भयो ।

- सन् १९६४ अक्टोबरमा बुद्धको अस्थि धातु सर्वप्रथम यूरोप (बेलायत) मा भित्र्याइयो ।
- अष्ट्रेलियामा प्रथम बौद्ध विहार सन् १९७३ मा स्थापना भयो ।
- आधुनिक युगमा जापानमा सन् १८६८ तिर र इण्डोनेसियामा सन् १९३४ तिर बुद्ध-धर्म पुनरुत्थान भएको मानिन्छ । विभिन्न राष्ट्रहरूमा बुद्ध-धर्म पुनर्जागरण गर्ने श्रेय यस प्रकार छन् :-

श्रीलंकामा श्रामणेर गुणानन्द
भारतमा अनगारिक धर्मपाल
चीनमा भिक्षु ताई शू
बर्मामा लेदि सयादो
नेपालमा भिक्षु महाप्रज्ञा

बुद्ध धर्म एवं भिक्षु संघमा प्रयोग हुने विभिन्न शब्दहरू यस प्रकार छन् :

अनगारिक- गृहत्यागी (पुरुष)
अनगारिका- गृहत्यागी (महिला)
प्रव्रज्या- श्रामणेर हुने क्रिया
उपसम्पदा- भिक्षु हुने क्रिया
उपाध्याय- प्रव्रज्या गरिदिने भिक्षु
आचार्य- गुरु बनी बुद्ध-धर्म सिकाउने भिक्षु
श्रामणेर- भिक्षुको लागि उम्मेदवार
स्थविर- भिक्षु भएर दश वर्ष भइसकेको
महास्थविर- भिक्षु भएर बीस वर्ष भइसकेको
भन्ते- भिक्षु र श्रामणेरहरूलाई सम्बोधन शब्द
आयुष्मान्- आफूभन्दा जेठो भिक्षुलाई सम्बोधन
आवुसो- आफूभन्दा कान्छो भिक्षुलाई सम्बोधन
श्रोतापन्न- पक्कै निर्वाण प्राप्त गर्ने व्यक्ति
अर्हत्- क्लेश नष्ट गरिसकेको, निर्वाण प्राप्त व्यक्ति
मार्गफलप्राप्त- कमसेकम श्रोतापन्न भइसकेको व्यक्ति
पृथकजन- मार्गफलप्राप्त नगरेका साधारण व्यक्तिहरू
उपासक- बौद्ध गृहस्थी (पुरुष)
उपासिका- बौद्ध गृहस्थी (महिला)

साधु ! साधु !! - मंगल होस् । शुभ होस् !!

बौद्ध सम्बन्धी ज्ञान गुणको कुरा

[illegible] शुक्राचार्य

कक्षा-१०

१. महामानव गौतम बुद्धको शासनमा पहिलो पटक शान्ति, अहिंसा, प्रेम र सदाचारको [illegible] भिक्षु भएको थियो ।

२. पञ्चशीलका पाँच सिद्धान्तहरू :-

क. एकअर्का मुलुकको अर्को मुलुकको स्वतन्त्रता, सार्वभौमसत्ता तथा क्षेत्रीय अखण्डताको सम्मान गर्ने

ख. एक अर्कोको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने

ग. समानता र पारस्परिक हित कायम गर्ने

घ. अनाक्रमण

ङ. शान्तिपूर्ण सहअस्तित्व

३. [illegible]

[illegible]

पञ्चशील प्रार्थना

उहाँ भगवान अरहत सम्यकसम्बुद्धलाई नमस्कार (३)
म बुद्धको शरणमा जान्छु,
म धर्मको शरणमा जान्छु,
म संघको शरणमा जान्छु,

दोस्रोपल्ट पनि बुद्धको शरणमा जान्छु,
दोस्रोपल्ट पनि म धर्मको शरणमा जान्छु,
दोस्रोपल्ट पनि म संघको शरणमा जान्छु,

तेस्रोपल्ट पनि बुद्धको शरणमा जान्छु,
तेस्रोपल्ट पनि म धर्मको शरणमा जान्छु,
तेस्रोपल्ट पनि म संघको शरणमा जान्छु,

म प्राणी हिंसा गर्ने काम छोड्ने शील राम्ररी पालना गर्छु ।
म चोरी गर्ने काम छोड्ने शील राम्ररी पालन गर्छु ।
म कामरागको विषयमा नराम्रो आचरण गर्नेछैन ।
यो शील राम्ररी पालन गर्नेछु ।

म झूट कुरा बोल्ने बानी छोड्ने शील राम्ररी पालन गर्छु ।
म बेहोसको कारण हुने रक्सी, जाँड आदि लागूपदार्थ
सबै छोड्ने शील राम्ररी पालन गर्छु ॥

जि.प्र.का., भक्तपुर द.नं. १२६/२०६९/७०

अनुरोध

बौद्ध दर्शन अध्ययन समाजको सहयोगार्थ प्रकाशित बौद्ध साहित्यिक पत्रिका 'अर्हत्' त्रैमासिकको वार्षिक ग्राहक भई सहयोग गरिदिनुहुन पाठकहरूमा हार्दिक अनुरोध गर्दछ ।

साथै

निरन्तर प्रकाशनको लागि लेख-रचना तथा व्यवसायिक विज्ञापन दिई सहयोग गर्नुहुन हार्दिक अनुरोध गर्दछ ।

बौद्ध दर्शन अध्ययन समाज
भक्तपुर
Email: arhattraimasik@gmail.com